Citizens® Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

दशौं वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७२/७३

सञ्चालक समिति



डा. शंकर प्रसाद शर्मा
अध्यक्ष



श्री बालकृष्ण प्रसाई
सञ्चालक



श्री मनोहर दास मूल
सञ्चालक



श्री प्रकाश चन्द्र मैनाली
सञ्चालक
(सर्वसाधारण तर्फ)



श्री पवित्र कुमार कार्की
सञ्चालक



श्री विजय ध्वज कार्की
सञ्चालक
(सर्वसाधारण तर्फ)



डा. चन्दा कार्की
सञ्चालक



श्री चन्द्र टन्डन
सञ्चालक

लेखापरीक्षक
के.के. बुढाथोकी एण्ड एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

श्री गणेश राज पोखरेल
नायव प्रमुख कार्यकारी अधिकृत,
कम्पनी सचिव

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

विषय-सूची


	पृष्ठ संख्या
१. दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना	१
२. साधारण सभा सम्बन्धी अन्य जानकारी	२
३. प्रोक्सी फाराम	३
४. दशौं वार्षिक साधारण सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन	५
५. कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरण	१५
६. धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०६५ को नियम २२ को उपनियम (१) सँग सम्बद्ध विवरण	२०
७. विगत ५ वर्षका प्रगति विवरणका झलकहरू (रेखाचित्रमा)	२३
८. विगत ५ वर्षमा बैंकले हाँसिल गरेका उपलब्धिहरू	२७
९. लेखापरीक्षकको प्रतिवेदन - एकीकृत वित्तीय विवरण उपर	२९
१०. एकीकृत वासलात, नाफा नोक्सान हिसाब तथा अन्य विवरणहरू	३०
११. लेखापरीक्षकको प्रतिवेदन - बैंकको वित्तीय विवरण उपर	३५
१२. वासलात, नाफा नोक्सान हिसाब तथा अन्य विवरणहरू	३६
१३. बैंकको वित्तीय विवरणहरूका अनुसूचीहरू	४१
१४. बैंकको प्रबन्ध-पत्रमा गरिएको प्रस्तावित संशोधनको तीन महले	१४१
१५. बैंकको नियमावलीमा गरिएको प्रस्तावित संशोधनको तीन महले	१४२
१६. नेपाल राष्ट्र बैंकबाट प्राप्त लाभांश घोषणा/वितरण तथा वित्तीय विवरण प्रकाशन स्वीकृति पत्र	१४३
१७. नेपाल राष्ट्र बैंकबाट प्राप्त स्वीकृतिपत्रमा उल्लेखित निर्देशनहरू सम्बन्धमा बैंकको प्रतिक्रिया	१४३

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

विजया दशमी तथा शुभ-दीपावली २०७३ को हार्दिक मंगलमय शुभकामना

व्यवसाय गर्ने सपना पुरा हुन्छ सबैको साथ हुन्छ जब सिटिजन्स बैंकको









Citizens Business LOAN

विशेषताहरुः

- अत्यन्त आकर्षक व्याजदर ।
- सम्पूर्ण रुपमा महिलाद्वारा प्रवर्द्धित फर्म तथा कम्पनी भएमा व्यवस्थापन शुल्कमा २५% छुट ।
- साना तथा मझौला व्यवसाय लगायत परियोजना फाइनान्सिङ्गका लागि उपलब्ध ।

*शर्तहरु लागू हुने छन् ।

(थप जानकारीका लागि बैंकको नजिकैको शाखा कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।)

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

शारदा सदन, काठमाण्डौं

दशौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

मिति २०७३/०५/२१ गते बसेको संचालक समितिको २१५ औं बैठकले निर्णय गरे अनुसार यस बैंकको दशौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, स्थान र समय**

सभा हुने मिति	:-	२०७३ साल आश्विन १६ गते (अक्टोबर २, २०१६), आइतबार
स्थान	:-	थापागाउँ ब्याङक्वेट, थापागाउँ, नयाँबानेश्वर, काठमाडौं
सभा सुरू हुने समय	:-	बिहान ११:०० बजे

२. **छलफलका विषयहरु :**

क. साधारण प्रस्तावहरु

१. आ.व. २०७२/७३ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहित २०७३ आषाढ मसान्तको वासलात र मिति २०७२/०४/०१ देखि २०७३/०३/३१ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने ।

३) यस बैंकको सहायक कम्पनी सिविआईएल क्यापिटल लि. को आ.व. २०७२/०७३ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. संचालक समितिबाट प्रस्ताव गरे अनुसार कर तिर्ने प्रयोजनको लागि रू.३९,५०९,२५१।- बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

५. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७३/७४ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

६. बैंकको नियमावली अनुसार समूह "क" का संस्थापक शेयरधनीहरूको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद एकको निर्वाचन गर्ने ।

ख. विषेश प्रस्तावहरु

१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार रू.७५०,६७५,७६२।- बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा बोनस शेयर वितरण पछि नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पूँजी वृद्धि गर्नको लागि शेयरधनीहरूको नाममा कायम रहेको साधारण शेयर संख्याको १० : २.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र सो कार्य गर्नको लागि आवश्यक पर्ने सम्पूर्ण काम कारवाही गर्नको लागि संचालक समितिलाई अख्तियार प्रदान गर्ने । यसरी १० : २.५ को अनुपातवाट हकप्रद आधार हिसाव गर्दा खण्डीकृत भएमा त्यसलाई १ अंक गणना गर्ने गरि हकप्रद शेयर संख्या गणना गर्ने ।

२. बैंकको नवौं वार्षिक साधारण सभाबाट विद्यमान शेयरधनीहरूलाई २० प्रतिशत बोनस वितरण गर्ने तथा प्रिमियर फिनान्स लिमिटेडलाई प्राप्ति पश्चात कायम हुने चुक्ता पूँजीमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पूँजी वृद्धि गर्नको लागि शेयरधनीको नाममा कायम रहेको साधारण शेयर संख्या १०:५.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने निर्णय भएकोमा २०७३ साल बैशाखको अन्तसम्ममा पनि नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृति प्राप्त भै नसकेको परिस्थितिमा बैंकको पूँजी योजना बमोजिम पूँजी वृद्धि गर्नको लागि वाध्यात्मक अवस्था परेकोमा बैंकको शेयरधनीहरूलाई १०:५.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र प्रिमियर फिनान्स लिमिटेडका शेयरधनीको हकमा नेपाल राष्ट्र बैंकवाट स्वीकृति प्राप्त हुँदाका बखत कुनै निर्देशन प्राप्त भएमा सो बमोजिम गर्ने भनी यस बैंकको शेयरधनीहरूलाई २० प्रतिशत बोनस वितरण पश्चात कायम भएको शेयर पूँजी रू. ३,०६५,२३३,८००।- मा १०:५.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने गरी नेपाल धितोपत्र बोर्डबाट स्वीकृतिको लागि लेखि पठाउन संचालक समितिबाट निर्णय गरिएकोमा उक्त निर्णयको अनुमोदन गर्ने ।

३. (क) बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

(क - १) बैंकको उद्देश्य प्राप्त गरिने कार्यहरूमा नीजीवन बीमा कम्पनीको कर्पोरेट एजेन्सी (अभिकर्ता) भई काम गरिने कार्य थप गर्ने,

(क - २) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गरी रू. ८,०२९,१६०,२००।- पुऱ्याउने,

(क - ३) शेयर खरीद वा हस्तान्तरण गर्ने बन्देज सम्वन्धमा,

(क - ४) सर्वसाधारण समूहका शेयरधनीहरूलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम एउटै समूह कायम गरी सोही बमोजिम संचालक समितिमा प्रतिनिधित्व गराउने,

(क - ५) संचालक र कार्यकारी प्रमुखको कार्यकाल तोक्ने सम्वन्धमा ।

पुनश्चः उपरोक्त प्रस्ताव सम्वन्धी तीन महले यसै साथ संलग्न छ ।

४. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग. विविध

साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभालाई ध्यानमा राखि मिति मिति २०७३।०६।०६ गते देखि २०७३।०६।१६ गते सम्म बैंकको शेयरधनी दर्ता किताव बन्द रहनेछ र नेपाल स्टक एकस्चेन्ज लिमिटेडमा २०७३।०६।०५ गतेसम्म कारोबार भई मिति २०७३।०६।१२ सम्म यस बैंकको शेयर रजिष्ट्रार ग्लोबल आईएमई क्यापिटल लिमिटेड, जमल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले सो सभामा भाग लिन र बोनश शेयर तथा नगद लाभांश पाउने छन् ।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रूपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरूको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:३० बजे देखि खुल्ला गरिने छ ।

४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् २०७३।०६।१४ गते बिहान ११:०० बजेभित्र बैंकको मुख्य कार्यालय शारदा सदन कमलादीमा दर्ता गराई सक्नु पर्नेछ । बैंकको शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

५. एक जना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर, प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम बैंकको मुख्य कार्यालयमा सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजीर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. दफा १ मा उल्लेख गरे बमोजिम शेयरधी दर्ता किताबमा कायम शेयरधनीहरू मात्र सो सभाबाट पारित बोनश शेयर तथा लाभांश रकमको हकदार हुनेछन् ।

७. एकभन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।

८. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरूको तर्फबाट बैंकको शेयर लगत दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भइरहेका महानुभावहरूले सभामा भागलिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

९. बैंकको संचालकहरूको निर्वाचन सम्बन्धि कार्यक्रम बैंकको रजिष्टर्ड कार्यालय, कमलादी काठमाण्डौंमा स्थापित निर्वाचन समितिको कार्यालयले सभा हुने दिन भन्दा ५ दिन अगावै प्रकाशित गरि टाँस गर्नेछ ।

१०. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको प्रधान कार्यलय शारदा सदन, कमलादीमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

११. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभा स्थलमा आउँदा झोला, व्याग जस्ता वस्तुहरू नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

पुनश्चः कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरूले कम्पनीको मुख्य कार्यालय कमलादीमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ । संक्षिप्त आर्थिक विवरण लगायत वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरू बैंकको website: www.ctznbank.com मा पनि हेर्न सक्नुहुनेछ ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

प्रोक्सी फारम

श्री सञ्चालक समिति

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

कमलादी, काठमाडौं ।

बिषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

..... जिल्ला ..... न.पा./गा. वि.स. वडा नं. ..... बस्ने म/हामी ..... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०७३ साल आश्विन १६ गते आइतबारका दिन हुने दशौं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ..... जिल्ला ..... न.पा./गा.वि.स. वडा नं..... बस्ने त्यस कम्पनीका शेयरधनी श्री .... शेयर प्रमाणप्रत्र नं. ..... परिचय नं. ..... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु /छौं ।

प्रोक्सी लिनेको दस्तखत :

निवेदक

दस्तखत :

नाम:

शेयर प्रमाणप्रत्र नं.:

शेयरधनी परिचय नं:.

कित्ता नं..... देखि ..... सम्म

मिति:

प्रवेश–पत्र

शेयरधनीको नाम ..... शेयर प्रमाण-पत्र नं. ..... शेयरधनी परिचय नं. .....

शेयरधनीको सही ..... शेयर संख्या .....

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको मिति २०७३ आश्विन १६ गते आइतबारका दिन हुने दशौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

.....

शेयरधनीको हस्ताक्षर

.....

कम्पनी सचिव

द्रष्टव्य : शेयरधनी आफैले खाली कोष्ठहरू भर्नुहोला । (सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्नु अनिवार्य छ ।)

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

सञ्चालक समितिको वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७२/७३

आदरणीय शेयरधनी महानुभावहरु,

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको दशौं वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट म हार्दिक स्वागत गर्दछु। यस अवसरमा म २०७३ आषाढ मसान्तको बैंकको वासलात, आर्थिक वर्ष २०७२/७३ को नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण तथा अन्य सम्पूर्ण वित्तीय विवरणहरु सभाको स्वीकृतिका लागि प्रस्तुत गर्दछु। यस सम्मानित सभामा म सञ्चालक समितिको तर्फबाट बैंकिङ्ग क्षेत्रको परिसूचक प्रस्तुत गर्दै बैंकको गत आर्थिक वर्षको कार्यको समीक्षा तथा भावी कार्यक्रमहरु प्रस्तुत गर्दछु।

१. आर्थिक तथा बैंकिङ्ग क्षेत्रका परिसूचक

कुल गार्हस्थ्य उत्पादन

१. केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०७२/७३ मा यथार्थ कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा ०.८ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो वृद्धिदर २.३ प्रतिशत रहेको थियो। त्यसैगरी, उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादन वृद्धि अघिल्लो वर्ष २.७ प्रतिशतको तुलनामा समीक्षा वर्षमा ०.६ प्रतिशत रहेको अनुमान छ। समीक्षा वर्षमा अपर्याप्त वर्षाका कारण प्रमुख कृषिजन्य उपजमा कमी आउनुका साथै भुकम्पको प्रभाव, लामो समयसम्मको बन्द हडताल एवम् सीमा नाका अवरोधका कारण अर्थतन्त्रका समग्र क्षेत्रहरूमा नकारात्मक असर परेकोले आर्थिक वृद्धिदर न्यून हुन गएको हो।

२. समीक्षा वर्षमा कृषि क्षेत्रको उत्पादन १.३ प्रतिशत तथा गैर-कृषि क्षेत्रको उत्पादन ०.६ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष कृषि तथा गैर-कृषि क्षेत्रको उत्पादन क्रमशः ०.८ प्रतिशत र ३.१ प्रतिशतले वृद्धि भएको थियो।

३. अघिल्लो वर्ष १.५ प्रतिशतले वृद्धि भएको उद्योग क्षेत्रको उत्पादन समीक्षा वर्षमा ६.३ प्रतिशतले ह्रास आएको अनुमान छ। भूकम्प पश्चात उत्पादित वस्तुको मागमा आएको संकुचन, उर्जा अभाव एवम् लामो समयसम्मको बन्द हडताल तथा सिमानाका बन्दका कारण अत्यावश्यक ईन्धन तथा कच्चा पदार्थको आपूर्ति रोकिन जाँदा समग्र औद्योगिक क्षेत्रको उत्पादन प्रभावित भएको हो।

४. समीक्षा वर्षमा सेवा क्षेत्रको उत्पादन २.७ प्रतिशतले वृद्धि भएको अनुमान छ। अघिल्लो वर्ष यो क्षेत्रको उत्पादन ३.६ प्रतिशतले वृद्धि भएको थियो। भूकम्प पश्चात पर्यटक आगमन ठप्प प्रायः रहनुका साथै सीमा नाका अवरोधका कारण होटल तथा रेष्टुरेन्ट र व्यापार क्षेत्रको वृद्धिदर ऋणात्मक रहेकोले समग्र सेवा क्षेत्रको वृद्धिदरमा कमी आएको हो।

वैदेशिक व्यापार

आर्थिक बर्ष २०७२/७३ मा कुल वस्तु निर्यात १७.८ प्रतिशतले ह्रास आई रू. ७० अर्ब १२ करोडमा सीमित भएको छ। अघिल्लो वर्ष यस्तो निर्यात ७.३ प्रतिशतले घटेको थियो। समीक्षा बर्षमा भारततर्फ २९.३ प्रतिशत र चीनतर्फ २४.६ प्रतिशतले गिरावट आएको, र अन्य मुलुकतर्फको निर्यात भने ६.३ प्रतिशतले बढेको छ।

समीक्षा बर्ष २०७२/७३ मा कुल वस्तु निर्यातको कुल गार्हस्थ उत्पादनसँगको अनुपात ३.१ प्रतिशतमा झरेको छ। अघिल्लो आर्थिक बर्ष यस्तो अनुपात ४ प्रतिशत रहेको थियो। वस्तुगत आधारमा समीक्षा वर्षमा मुख्यतया ऊनी गलैँचा, अलैँची, पश्मिना, तयारी पोशाक, पिना लगायतका वस्तुहरूको निर्यात बढेको छ भने जिङ्क शीट, जि.आई.पाइप, पोलिष्टर यार्न, लत्ताकपडा, जुस लगायतका वस्तुहरुको निर्यात घटेको छ।

समीक्षा वर्ष २०७२/७३ मा पेट्रोलियम पदार्थको आयात उच्च दरले घटेकोले कुल वस्तु आयात ०.१ प्रतिशतले घटेर रू. ७७३ अर्ब ६० करोड पुगेको छ। अघिल्लो वर्ष पेट्रोलियम पदार्थको आयात ८.४ प्रतिशतले वृद्धि भएको थियो। पेट्रोलियम पदार्थ बाहेक अन्य बस्तुको आयात भने ६.४ प्रतिशतले बढेको छ।

समीक्षा वर्षमा चीनबाट भएको आयात १५.५प्रतिशतले बढेको छ भने भारत र अन्य मुलुकबाट भएको आयात क्रमशः २.९ प्रतिशत र

१.२ प्रतिशतले घटेको छ । समीक्षा बर्षमा कुल वस्तु आयातको कुल गार्हस्थ उत्पादनसँगको अनुपात ३४.४ प्रतिशतमा झरेको छ । अघिल्लो आर्थिक बर्ष यस्तो अनुपात ३६.५ प्रतिशत रहेको थियो ।

समीक्षा वर्ष २०७२/७३ मा वस्तुगत आधारमा मुख्यतया: यातायातका साधन तथा पार्टपुर्जा, सुन, औषधि, रासायनिक मल, दुरसञ्चारका उपकरण तथा पाटपूर्जा लगायतका वस्तुहरूको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, चाँदी, एम.एस.बिलेट, सुपारी ,कच्चा पामतेल लगायतका वस्तुहरुको आयात घटेको छ । भन्सार नाकाका आधारमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार र सुख्खा वन्दरगाह भन्सारबाट भएको निर्यातमा वृद्धि भए तापनि अन्य भन्सार नाकाहरुबाट भएको निर्यातमा कमी आएको छ । आयाततर्फ वीरगञ्ज भन्सार नाकाबाट हुने गरेको आयातमा ठूलो कटौती भएको छ भने वीरगञ्ज सुख्खा बन्दरगाह, भैरहवा, कृष्णनगर र कैलाली भन्सार नाकाबाट भएको आयातमा उच्च वृद्धि भएको छ ।

समीक्षा वर्ष २०७२/७३ मा कुल वस्तु व्यापार घाटा २ प्रतिशतले बढेर रू. ७०३ अर्ब ४८ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो व्यापार घाटा १०.८ प्रतिशतले बढेको थियो । समीक्षा बर्षमा कुल वस्तु व्यापार घाटाको कुल गार्हस्थ उत्पादनसँगको अनुपातमा सीमान्त दरले कमी आई ३१.३ प्रतिशत रहेको छ । अघिल्लो बर्ष यस्तो अनुपात ३२.५ प्रतिशत रहेको थियो ।

समीक्षा वर्ष २०७२/७३ मा निर्यात-आयात अनुपात ९.१ प्रतिशत अर्थात् निर्यातको आकारको तुलनामा आयातको आकार करिब ११ गुणा ठूलो रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ११ प्रतिशत रहेको थियो ।

शोधनान्तर तथा विप्रेषणको स्थिति

समीक्षा वर्षमा एफ.ओ.वी. मूल्यमा आधारित वस्तु व्यापार घाटा बढेको तथा खुद सेवा र आय प्राप्ति बचत घटेको भएपनि खुद ट्रान्सफर आप्रवाह बढेको कारण चालू खाता समीक्षा बर्षमा रू. १४० अर्ब ४२ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष रू. १०८ अर्ब ३२ करोडले बचतमा रहेको थियो । त्यसैगरी, चालू खाता बचतका साथै पूँजी आप्रवाह बढेको कारण समीक्षा बर्षमा रू. १९१ अर्ब २४ करोडले शोधनान्तर बचतमा रहेको छ । अघिल्लो वर्ष यस्तो बचत रू. १४५ अर्ब ४ करोड रहेको थियो । समीक्षा वर्षमा पूँजीगत ट्रान्सफर रू. १६ अर्ब ९९ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रू.५ अर्ब ९२ करोड रहेको छ । अघिल्लो वर्ष पूँजीगत ट्रान्सफर रू. १४ अर्ब ८१ करोड र प्रत्यक्ष वैदेशिक लगानी रू. ४ अर्ब ३८ करोड रहेको थियो । नेपाल राष्ट्र बैंकबाट लिइएको स्वीकृतिका आधारमा समीक्षा वर्षमा प्रत्यक्ष वैदेशिक लगानीमा रू. ६ अर्ब २५ करोड लाभांश भुक्तानी भएको छ । गत आर्थिक वर्षमा प्रत्यक्ष वैदशिक लगानीको लाभांश स्वरुप रू. ७ अर्ब २१ करोड भुक्तानी भएको थियो ।

समीक्षा वर्षमा विप्रेषण आप्रवाह ७.७ प्रतिशतले वृद्धि भई रू. ६६५ अर्ब ६ करोड पुगेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह १३.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा बर्षमा विप्रेषण आप्रवाहको कुल गार्हस्थ उत्पादनसँगको अनुपात २९.६ प्रतिशत पुगेको छ । अघिल्लो आर्थिक बर्ष यस्तो अनुपात २९.१ प्रतिशत रहेको थियो । विप्रेषण आप्रवाहमा भएको वृद्धिका कारण खुद ट्रान्सफर आय ९.६ प्रतिशतले वृद्धि भई रू. ७७८ अर्ब १९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आय १२.४ प्रतिशतले बढेको थियो । विप्रेषण आप्रवाहलाई प्रत्यक्ष प्रभाव पार्ने वैदेशिक रोजगारीमा जाने नेपालीहरुको सङख्यामा भने समीक्षा बर्षमा कमी आएको छ । अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको सङख्या आर्थिक वर्ष २०७२/७३ मा १८.४ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष यस्तो सङख्या २.८ प्रतिशतले घटेको थियो । कामदारको संख्याका आधारमा समीक्षा बर्षमा गन्तव्य मुलुकको संरचनामा परिवर्तन आएको छ । समीक्षा बर्षमा साउदी अरब, कतार र मलेसिया क्रमशः पहिलो, दोस्रो र तेस्रो स्थानका गन्तव्य मुलुकको रूपमा रहेका छन । अघिल्लो आर्थिक बर्ष मलेसिया, कतार र साउदी अरब, क्रमशः पहिलो, दोस्रो र तेस्रो स्थानका गन्तव्य मुलुक रहेका थिए ।

ब्याजदर

अघिल्लो आर्थिक वर्ष २०७२ असारको तुलनामा २०७३ असारमा ९१ दिने ट्रेजरी बिल र अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर घटेको छ । २०७२ असारमा ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ०.१७३९ प्रतिशत रहेकोमा २०७३ असारमा ०.०४५६ प्रतिशत कायम रहेको छ । त्यसैगरी वाणिज्य बैंकहरूबीचको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर २०७२ असारमा १.०१ प्रतिशत रहेकोमा २०७३ असारमा ०.६९ प्रतिशत पुगेको छ । अन्य वित्तीय संस्थाहरूबीचको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर २०७२ असारमा ३.८९ प्रतिशत रहेकोमा २०७३ असारमा ३.२५ प्रतिशत पुगेको छ ।

निक्षेप परिचालन

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १९.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त निक्षेप २०.१ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा वाणिज्य बैंक र विकास बैंकहरूको निक्षेप क्रमशः २०.७ प्रतिशत र १६.५ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरूको निक्षेप १२ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष वाणिज्य बैंक र विकास बैंकहरूको निक्षेप क्रमशः २१.४प्रतिशत र १५.२ प्रतिशतले बढेको थियो भने वित्त कम्पनीहरूको निक्षेप ०.६ प्रतिशतले घटेको थियो ।

कर्जा तथा सापट

आर्थिक वर्ष २०७२/७३ मा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २३.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा १९.८ प्रतिशतले बढेको थियो । समीक्षा वर्षको चौथो त्रयमास देखि आर्थिक गतिविधि चलायमान भएका कारण निजी क्षेत्रतर्फको कर्जा विस्तार भएको हो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंक र विकास बैंकहरूको कर्जा प्रवाह क्रमशः २६.५ प्रतिशत र २०.३ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरूको कर्जा प्रवाह १२.५ प्रतिशतले घटेको छ ।

समीक्षा वर्षमा २०७२/७३ मा बैंक तथा वित्तीय संस्थाहरूबाट यातायात, संचार तथा सार्वजनिक सेवातर्फको कर्जा ३९.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा २७ प्रतिशतले बढेको थियो । त्यसैगरी, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा २५.८ प्रतिशत र वित्तीय, वीमा तथा स्थिर सम्पत्तितर्फको कर्जा २५.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष थोक तथा खुद्रा व्यापारतर्फको कर्जा २१.८ प्रतिशत र वित्तीय, वीमा तथा स्थिर सम्पत्तितर्फको कर्जा १८.३ प्रतिशतले बढेको थियो । अघिल्लो वर्ष कृषि क्षेत्रतर्फको कर्जा २८ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा उक्त कर्जा २०.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा १४.८ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा उक्त कर्जा १५.९ प्रतिशतले बढेको छ ।

२०७३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहिरहको कर्जामध्ये ६०.८ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १५.२ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ५९.६ प्रतिशत र १२.८ प्रतिशत रहेको थियो ।

२०७३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल लगानीमा रहेको कर्जामध्ये घरजग्गा (Real Estate) क्षेत्रमा रू. २५० अर्ब ८७ करोड (प्रति ग्राहक रू. १ करोडभन्दा कमको रू. १४२ अर्ब ८१ करोडको आवासीय घरकर्जा समेत) रहेको छ । उक्त कर्जा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १४.९ प्रतिशत हुन आउँछ । २०७३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले सेयरको धितोमा प्रवाह गरेको मार्जिन प्रकृतिको कर्जा कुल कर्जाको २.२ प्रतिशत (रू. ३७ अर्ब ६६ करोड) रहेको छ भने वाणिज्य बैंकहरुबाट साना तथा मझौला व्यवसायमा प्रवाहित कर्जा (SMEs Loan) कुल कर्जा को २.६ प्रतिशत (रू. ३५ अर्ब ८७ करोड) छ । वाणिज्य बैंकहरुबाट प्रवाहित ट्रष्ट रिसिट कर्जा (आयात कर्जा) ३१.८ प्रतिशत (रू. १७ अर्ब ५६ करोड) लेवृद्धि भई रू. ७२ अर्ब ६८ करोड पुगेकोछ । अघिल्लो वर्षयस्तो कर्जा १३.३ प्रतिशतले बढको थियो । आर्थिक वर्ष २०७२/७३ मा वित्तीय प्रगाढता थप विस्तार भएको छ । यस वर्ष कुल गार्हस्थ्य उत्पादनसँग विस्तृत मुद्राप्रदाय, कुल निक्षेप, कर्जा तथा लगानी र निजी क्षेत्रतर्फको दावीको अनुपात अघिल्लो वर्षको तुलनामा बढेको छ

२. विगत वर्षको बैंकको कारोवारको सिंहावलोकन

आर्थिक वर्ष २०७१/७२ र आर्थिक वर्ष २०७२/७३ मा यस बैंकको वित्तीय स्थितिको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ :

(रू. हजारमा)

शीर्षक	आर्थिक वर्ष २०७१/७२	आर्थिक वर्ष २०७२/७३	वृद्धि/(ह्रास) प्रतिशत
कुल सम्पत्ति	४१,४५०,५२०	५५,०६२,०१६	३२.८४
निक्षेप	३५,७८२,१४९	४७,३९३,५०१	३२.४५
कर्जा अधिविकर्ष र खरीद तथा डिस्काउण्ट गरिएका बिलहरु	२९,१९९,९०८	४०,५६५,८२१	३८.९२
लगानी	५,५७७,३६७	७,४७८,०३७	३४.०७
खुद ब्याज आम्दानी	१,२६८,४०३	१,६१९,७६७	२७.७०

सञ्चालन आम्दानी	३४२,३३७	५१३,२०३	४९.९१
गैर सञ्चालन आम्दानी	४५,९२९	१४४,४७३	२१४.५६
अन्य सञ्चालन खर्च	५८२,३४८	६६८,०२५	१४.७१
नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	१,०२८,३९२	१,४६४,९४६	४२.४५
खुद मुनाफा	७२०,३०९	१,०८०,३७७	४९.९९
पूँजी कोष	१३.२७%	१२.४० %	-०.८७
रियल स्टेट कर्जा अनुपात	१२.३०%	११.८५ %	-०.४५

पूँजी संरचना : यस आर्थिक वर्ष २०७२/७३ को अन्त्यमा बैकको चुक्ता पूँजी रू ३ अर्ब ०६ करोड ५२ लाख ३३ हजार कायम रहेको छ। त्यसै गरी हकप्रद सेयर वापत प्राप्त कल्स इन एड्भान्स रू ५८ करोड ५४ लाख ५ हजार र प्रस्तावित बोनस शेयर रू.७५०,६७५,७६२ समेत पूँजीकोषमा गणना गरिएको छ।

पूँजी कोष पर्याप्तता : आर्थिक वर्ष २०७१/७२ को अन्त्यमा पूँजी कोष अनुपात १३.२७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७२/७३ को अन्त्यमा उक्त अनुपात १२.४० प्रतिशत रहेको छ।

कुल सम्पत्ति : आर्थिक वर्ष २०७१/७२ को अन्त्यमा कुल सम्पत्ति रू ४१ अर्ब ४५ करोड ५ लाख २० हजार रहेकोमा आ. व. २०७२/७३ को अन्त्यमा ३२.८४ प्रतिशतले वृद्धि भई रू. ५५ अर्ब ६ करोड २० लाख १५ हजार पुगेको छ।

निक्षेप संकलन : आ.व.२०७१/७२ मा बैंकले कुल रू. ३५ अर्ब ७८ करोड २१ लाख ४९ हजार निक्षेप परिचालन गरेकोमा आ.व.२०७२/७३ मा ३२.४५ प्रतिशतले वृद्धि भई रू.४७ अर्ब ३९ करोड ३५ लाख १ हजार पुगेको छ। जसमध्ये चल्ती निक्षेपको अंश ३.१४ प्रतिशत, बचत निक्षेपको अंश २१.१५ प्रतिशत, मुद्दती निक्षेपको अंश ५३.४४ प्रतिशत, मागेको बखत तिर्नुपर्ने निक्षेपको अंश २१.८० प्रतिशत र बाँकी अन्य निक्षेप रहेको छ भने आ.व.२०७२/७३ मा परिचालित कुल निक्षेपमध्ये चल्ती निक्षेपको अंश २.८९ प्रतिशत, बचत निक्षेपको अंश २०.४३ प्रतिशत, मुद्दती निक्षेपको अंश ५४.७३ प्रतिशत, मागेको बखत तिर्नुपर्ने निक्षेपको अंश २१.३१ प्रतिशत र बाँकी अन्य निक्षेप रहेका छन्।

कर्जा, सापट, अधिविकर्ष एवं खरीद एवं डिस्काउन्ट गरिएका बिलहरू : कर्जा, सापट तथा अधिविकर्षतर्फ बैंकले आर्थिक वर्ष २०७१/७२ मा रू. २९ अर्ब १९ करोड ९९ लाख ८ हजार कर्जा प्रवाह गरेकोमा आ.व. २०७२/७३ मा ३८.९२ प्रतिशतले वृद्धि भई रू. ४० अर्ब ५६ करोड ५८ लाख २१ हजार पुगेको छ। आर्थिक वर्ष २०७२/७३ मा गरिएको कुल कर्जा सापटीमा रियल स्टेट क्षेत्रको ११.८५ प्रतिशत, हाउसिङ्ग क्षेत्रको ५.७५ प्रतिशत, मार्जिन लेन्डिङ्गको ७.१० प्रतिशत, आवधिक कर्जाको २०.१७ प्रतिशत र अधिविकर्ष कर्जाको १५.७५ प्रतिशत तथा अन्य कर्जाको ३९.३८ प्रतिशत हिस्सा रहेको छ।

बैंकले आर्थिक वर्ष २०७२/७३ को आषाढ मसान्त सम्ममा हाइड्रोपावर प्रोजेक्टका लागि स्वीकृत कुल सीमा रू. २ अर्ब ७२ करोडमध्ये रू. १ अर्ब ८२ करोड कर्जा प्रवाह गरी जल विद्युत क्षेत्रको विकासमा योगदान पुऱ्याएको छ। यस बैंकले करीव ९८ मेगावाट क्षमताका विभिन्न जलविद्युत आयोजनाहरूमा लगानी गरेको छ।

त्यसैगरी बैंकले आर्थिक वर्ष २०७२/७३ को आषाढ मसान्तसम्ममा १२३३ वटा साना तथा मझौला कर्जा शीर्षक अन्तर्गत कुल रू. ५ अर्ब ७७ करोड लगानी गरेको छ भने कृषि व्यवसायलाई लक्षित ३,०२५ वटा फास्ट ट्रयाक लोन कर्जा शीर्षक अन्तर्गत कुल कर्जा रू. १ अर्ब ४ करोड लगानी गरेको छ। साथै बैंकले कृषि व्यवसायलाई थप योगदान पुऱ्याउने उद्देश्यले One Zone One Product को नीति अवलम्बन गरे अनुसार ७१ वटा परियोजनामा रू. ९ करोड ९१ लाख लगानी गरिएको छ।

लगानी : आर्थिक वर्ष २०७२/७३ को आषाढ मसान्तसम्ममा बैंकले रू. ७ अर्ब ४७ करोड ८० लाख ३६ हजार लगानी गरेको छ। उक्त लगानीमध्ये नेपाल सरकारको ट्रेजरी बिल्स, विकास बण्ड तथा नेपाल राष्ट्र बैंक बण्डमा कुल रू. ६ अर्ब ३९ करोड ४६ लाख ८६ हजार अर्थात् ८५.५१ प्रतिशत लगानी रहेको छ भने स्वदेशी र विदेशी बैंकमा रू. ९७ करोड ६५ लाख ४९ हजार अर्थात् १३.०६ प्रतिशत र संगठित संस्थाहरुको शेयरमा रू. १० करोड ६८ लाख १ हजार (कुल लगानीको १.४३ प्रतिशत) रहेको छ।

खुद ब्याज आम्दानी : आ.व. २०७१/७२ मा बैंकको खुद ब्याज आम्दानी रू. १ अर्ब २६ करोड ८४ लाख ३ हजार रहेकोमा आ.व. २०७२/७३ मा २७.७० प्रतिशतले वृद्धि भई रू. १ अर्ब ६१ करोड ९७ लाख ६७ हजार पुगेको छ।

सञ्चालन आम्दानी : आ.व.२०७१/७२ मा बैंकको सञ्चालन आम्दानी रू. ३४ करोड २३ लाख ३७ हजार रहेकोमा आ.व.२०७२/७३ मा ४९.९१ प्रतिशतले वृद्धि भई रू. ५१ करोड ३२ लाख ४ हजार पुगेको छ।

सञ्चालन खर्च : आ.व.२०७१/७२ मा बैंकको कुल सञ्चालन खर्च रू. ५८ करोड २३ लाख ४८ हजार रहेकोमा आ.व.२०७२/७३ मा १४.७१ प्रतिशतले वृद्धि भई रू. ६६ करोड ८० लाख २५ हजार पुगेको छ।

नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा : आ.व. २०७१/७२ मा बैंकको नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा रू. १ अर्ब २ करोड ८३ लाख ९२ हजार रहेकोमा आ.व.२०७२/७३ मा ४२.४५ प्रतिशतले वृद्धि भई रू. १ अर्ब ४६ करोड ४९ लाख ४६ हजार पुगेको छ।

खुद मुनाफा : आ.व. २०७१/७२ मा बैंकको खुद मुनाफा रू. ७२ करोड ३ लाख ९ हजार रहेकोमा आ.व.२०७२/७३ मा ४९.९९ प्रतिशतले वृद्धि भई रू. १ अर्ब ८ करोड ३ लाख ७७ हजार पुगेको छ।

३. **सहायक कम्पनी सि.बि.आइ.एल. क्यापिटल लिमिटेडको कारोवारको सिंहावलोकन** : यस आ.व. २०७२/७३ मा बैंकले मर्चेन्ट बैकिङ्ग व्यवसाय गर्नका लागि नागरीक लगानी कोष तथा अन्य व्यक्तिहरूको समेत लगानी रहेको कम्पनी सि.वि.आई.एल क्यापिटल लिमिटेडको कुल चुक्ता पूँजी रू. दश करोड मध्ये ६७ प्रतिशतले हुन आउने रू. ६ करोड ७० लाख खरीद गरी उक्त कम्पनीलाई आफ्नो सहायक कम्पनी बनाएको छ। उक्त कम्पनीको मुख्य उद्देश्य- निष्काशन तथा बिक्री प्रबन्धकको सेवा प्रदान गर्ने, लगानी व्यवस्थापन सेवा प्रदान गर्ने, सामूहिक लगानी कोष सेवा संचालन गर्ने, शेयर रजिष्ट्रेशन आदि रहेका छन्।

आ.व. २०७२/७३ मा सि.बि.आई.एल. क्यापिटल लिमिटेडले ४ महिनाको छोटो समयावधिमा नै उपलब्ध पूँजीको उचित व्यवस्थापन तथा लगानी गर्दै रू. १ करोड १४ लाखको नाफा कमाउन सफल भएको छ। सि.बि.आई.एल.क्यापिटल लि.ले नेपाल धितोपत्र बोर्डबाट कारोबार संचालनको स्वीकृति प्राप्त गरी मिति २०७३ भाद्र १७ गतेबाट कारोबार सुरू गरिसकेको छ।

४. **शाखा सञ्जालमा विस्तार** : शाखा विस्तार गर्दै लैजाने बैंकको नीति अनुरुप आ. व. २०७२/७३ मा काठमाडौं उपत्यका बाहिर झापा जिल्लाको दमकमा र काठमाडौ उपत्यका भित्र ललितपुरको भैसेपाटीमा शाखा विस्तार गरी थप दुई शाखा विस्तार हुँदा कुल शाखा संख्या ५६ पुगेको छ।

५. **अन्य बैकिङ्ग सुविधा विस्तार** : आ.व. २०७२/७३ मा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी थप ३ वटा शाखा रहित बैंकिङ्ग सेवा महोत्तरी जिल्लाको रामगोपालपुर, औरही र सुनसरी जिल्लाको लौकहीमा सञ्चालनमा ल्याईएको छ। यू.के. एडको लगानीमा सञ्चालित सक्षम-एक्सेस टु फाईनान्स कार्यक्रमको सहकार्यमा भूकम्प अति प्रभावित दोलखा, नुवाकोट र रसुवा जिल्लामा प्रस्तावित ३८ वटा शाखा रहित बैकिङ्ग सेवामध्ये ३६ वटा सञ्चालनमा आईसकेका छन्। उक्त कार्यक्रमको सहकार्यमा थप दुई वटा शाखा रहित बैंकिङ्ग सेवा सञ्चालनको तयारी भईसकेको छ।

यस बैंक र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण बीच भूकम्पबाट क्षति भएका निजी आवास पुनर्निर्माणका लागि अनुदान रकम वितरण गर्ने संझौता भएको छ। यस संझौता बमोजिम राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पठाएको लाभग्राहीहरूको खाता खोली वितरण प्रक्रियामा निजी आवास पुनर्निर्माणमा नेपाल सरकारलाई सो वितरणमा सहयोग पुऱ्याउने बैंकको लक्ष्य रहेको छ। यस बैंकको भूकम्प प्रभावित जिल्लामा दोलखाको भिमेश्वर नगरपालिका, काभ्रेको बनेपा नगरपालिका र मकवानपुरको हेटौंडामा शाखा रहेको छ र ४३०२ जना लाभग्राहीहरूको खाता बैंकले खोली सकेको छ। साथै, लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड बीच Bancassurance सम्बन्धी सम्झौता सम्पन्न भएको छ र यस बैंकका ग्राहकहरूले बैंकको कुनैपनि शाखाबाट बैकिङ्ग सेवाका अतिरिक्त आफ्नो जीवन बीमा गर्न र सो को प्रिमियम रकम छिटो, छरितो र सहज रूपमा बुझाउन, बीमालेख लिन, दावी भुक्तानी लगायतका बीमा सम्बन्धी सम्पूर्ण सेवा लिन सक्नेछन्। यस बैंकले ग्राहकहरूको सुविधालाई ध्यानमा राख्दै बीमा सम्बन्धी सेवा पनि उपलब्ध गराउन सुरू गरिसकेको छ।

६. **संस्थागत सुशासन तथा अनुपालन** :

संस्थागत सुशासन (Corporate Governance and Compliance) को स्तरलाई उच्चतम राख्ने कुरामा बैंकले सदैव महत्व दिँदै आएको

छ । संस्थागत सुशासनको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राख्ने बैंकको उद्देश्य, नीति, आन्तरिक संरचना र कर्मचारीका आचरणको व्यवस्था गरिएको छ । सञ्चालक तथा कर्मचारीहरुले पालना गर्नुपर्ने आचारसंहितालाई कार्यान्वयनमा ल्याईएको छ । सञ्चालक समिति तथा बैंकका सबै कार्यहरु पारदर्शी रुपमा सञ्चालन गरी संस्थागत सुशासनलाई सुदृढ गर्दै लैजान बैंक सदैव त्रि(ऋयाशील रही आएको छ । नेपाल राष्ट्र बैंक एवं अन्य सम्बद्ध निकायहरुबाट समय-समयमा जारी भएका नीति एवं निर्देशनलाई बैंकले पूर्ण रुपमा कार्यान्वयन गर्दै आएको छ र आगामी दिनहरुमा पनि पूर्ण रूपमा कार्यान्वयन गरिने छन् ।

७. सूचना प्रविधि

ग्राहकवर्गको चाहना बमोजिमको बैंकिङ्ग सेवा प्राप्त गर्ने उद्देश्यले सूचना प्रविधिमा आधारित मोबाइल बैंकिङ्ग, Internet Banking र ABBS जस्ता प्रविधिमूलक सेवाहरु प्रदान गर्दै आएको छ । साथै, बैंकले भविष्यमा समेत सूचना प्रविधिमा समयानुकूल सुधार एवं विकास गर्दै लाने लक्ष्य अनुरूप आगामी आर्थिक वर्षमा बैंकको Core Banking System लाई Upgrade गर्ने क्रममा M/S Edge Verve Systems Limited र M/S CAS Trading house Pvt. Ltd. संग संझौता गरी कार्य अगाडि बढाई सकिएको छ । हाल शेयर कारोवार गर्न DEMAT खाता खोल्ने र DEMAT गरिएका आफ्ना शेयरहरू अनलाइन मार्फत् हेर्न सकिने व्यवस्था समेत मिलाई सकिएको छ ।

८. आन्तरिक नियन्त्रण प्रणाली

बैंकिङ्ग व्यवसायमा निहित कर्जा, बजार तथा सञ्चालन लगायतका जोखिमहरुलाई दृष्टिगत गरी बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई मजबूत बनाउने नीति लिएको छ । यस सम्बन्धमा बैंकिङ्ग कारोवारका सबै क्षेत्रमा आवश्यक नीति, नियमहरु बनाई कार्यान्वयनमा ल्याइएको छ । त्यसै गरी बैंकका कामकारवाहीहरु प्रचलित कानुन बमोजिम भए गरेको छ/छैन त्यसको यकिन गर्ने उद्देश्यले बैंकमा एउटा स्वतन्त्र आन्तरिक लेखापरीक्षण विभाग गठन गरी त्यस विभागलाई गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा गठित लेखापरीक्षण समिति मातहत राखिएको छ । बैंकिङ्ग कारोवारहरूमा निहित जोखिमहरूलाई निरन्तर रूपमा अनुगमन गरी सञ्चालक समितिलाई उपयुक्त राय सुझाव दिनका लागि गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा जोखिम व्यवस्थापन समिति गठन गरी उक्त समितिले त्यस सम्बन्धमा प्रभावकारी रूपमा कार्य गर्दै आइरहेको छ । साथै, कर्जामा निहित जोखिमलाई न्यूनीकरण गर्न छुट्टै कर्जा जोखिम विभाग गठन गरी सञ्चालनमा ल्याइएको छ ।

९. कार्ड व्यवसाय

यस बैंकलगायत अन्य १५ वटा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूसँगको संयुक्त लगानीमा स्थापित नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम लि. (NEPS) आ.व. २०७१/७२ देखि पूर्ण रूपमा सञ्चालनमा आइसकेको छ । कार्ड सम्बन्धी कारोवारको सुरक्षालाई ध्यानमा राख्दै यसै आ.व. देखि Magnetic Strip Card हरूलाई EMV Based Card मा प्रतिस्थापन गरिनेछ ।

१०. विप्रेषण कारोवार

बैंकले विप्रेषण कारोवारलाई अझ प्रर्बधन र प्रभावकारी बनाउदै लैजाने क्रममा विदेश तथा स्वदेशमा रहेका विभिन्न रेमिटेन्स कम्पनीहरूसँग सम्झौता गरी विप्रेषण कारोवार विस्तार गर्दै लगिरहेको छ ।

यसै वर्ष बैंकले कुल अमेरिकी डलर ४५ लाख ४० हजार बरावरको विप्रेषण भित्र्याउन सफल भई विप्रेषण मार्फत बैंकलाई रू. १ करोड ११ लाख ८२ हजार बरावरको आम्दानी भएको छ । यी सम्झौताहरू पश्चात अब विश्वको ४० वटा विभिन्न मुलुकहरूबाट पठाएको विप्रेषण रकम बैंकको सम्पूर्ण शाखाहरू र देशभित्र छरिएर रहेको २६०० सहायक प्रतिनिधिहरूबाट सिधै भुक्तानी गर्ने व्यवस्था छ । आगामी दिनहरूमा पनि विप्रेषण व्यवसायलाई अधिकतम प्रतिफलमुखी बनाइनुका साथै दक्षिण कोरिया, भारत, कतार, साउदी अरब, कुवेत, मलेसिया, अमेरिका जस्ता सम्भाव्य मुलुकहरूका Exchange कम्पनीहरूसँग सम्झौता गरी विप्रेषण कारोवारको विस्तार एवम् वृद्धि गरिने छ ।

११.संस्थागत सामाजिक उत्तरदायित्व

संस्थागत सामाजिक उत्तरदायित्वको निर्वाहमा बैकले आफ्नो स्थापनाकालदेखिनै विभिन्न सामाजिक तथा सम्बद्ध संस्थाहरुको माध्यमबाट योगदान पुऱ्याउँदै आएको छ । बैकले खास गरी शिक्षा, स्वास्थ्य, खेलकूद, संस्कृतिलगायत प्राकृतिक प्रकोपबाट पीडितलाई सहयोग गर्दै आएको छ । संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत आ.व. २०७२/७३ मा बैंकले रू. १० लाख ५९ हजार खर्च गरेको छ ।

बैकको दशौं वार्षिकोत्सवको उपलक्ष्यमा रक्तदान, आँखादान र मृगौलादान कार्यक्रम सञ्चालन गरिएको थियो । बैंकले सिन्धुली स्थित सित्तलपाटी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई आर्थिक सहयोग स्वरूप रू १,००,०००।- प्रदान गर्नुको साथै १० जना गरिब, पिछडिएका तथा जेहेन्दार विद्यार्थीहरूलाई सुविधा स्वरूप बाल विकास समाजलाई रू. ७५,०००।- को छात्रवृत्ति प्रदान गर्न सहयोग गरेको थियो । आर्थिक पत्रकार श्री सन्जय न्यौपानेको उपचार खर्च वापत SEJON लाई आर्थिक सहयोग स्वरूप रू. १००,०००।- प्रदान गरेको थियो । माथिल्लो डोल्पाका पिछडिएका बालबालिकालाई शिक्षा प्रदान गर्ने उद्देश्यका साथ बैंकले उक्त कार्यमा कार्यरत्त 'Snow Yak Foundation' लाई आर्थिक सहयोग स्वरूप रू १,००,०००/- प्रदान गरेको थियो । एड्स संक्रमित भएका बालवालिकाहरूलाई सेवा गरिरहेको संस्थाहरू SAATH र Baby Life Home लाई आर्थिक सहयोग स्वरूप रू ५०,०००।- प्रति संस्थाका दरले प्रदान गरेको थियो । साथै Himalaya Badminton Club बाट आयोजित Sub Junior School Badminton Championship 2016 सञ्चालनका लागि आर्थिक सहयोग स्वरूप रू. ५०,०००।- प्रदान गरेको थियो । यसैगरी बैंकले काठमाडौंको शान्तिनगर स्थित निःसहाय सेवा सदनमा आश्रित ५२ जना वृद्धवृद्धाहरूलाई एक दिने भोजन कार्यक्रम पनि आयोजना गरेको थियो ।

१२. सञ्चालक समितिमा भएको हेरफेर र त्यसको कारण

समीक्षा वर्षमा सञ्चालक समितिका सदस्यहरू श्री बालकृष्ण प्रसाई, श्री अविनाश पन्त, श्री पवित्र कुमार कार्की र श्री अर्जुन लाल राजवंशी ज्यूको कार्यकाल समाप्त भएको हुनाले सञ्चालक समितिमा बैंकको नियमावली अनुसार समूह "क" का संस्थापक शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद चारमा श्री बालकृष्ण प्रसाई ,श्री पवित्र कुमार कार्की, डा. चन्दा कार्की तथा श्री चन्द्र टण्डन र संस्थापक शेयरधनीहरूबाट सर्वसाधारण समूहमा परिणत गरिएको समूह "ख १" का शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद-१ मा डा. शंकर प्रसाद शर्मा निर्विरोध निर्वाचित हुनुभएको छ । साथै सञ्चालक समितिको १८९ औं बैठकबाट डा. शंकर प्रसाद शर्मा अध्यक्ष पदमा सर्वसम्मत रूपमा चयन हुनुभएको छ ।

१३. अन्य समितिहरू

नेपाल राष्ट्र बैंकको निर्देशन र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा १४ तथा दफा १५ मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहीमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी व्यवस्थापन तथा सेवासुविधा समिति गठन गरेको छ र सो वाहेक कार्यालय भवन निर्माण समिति र मर्जर एण्ड एक्वीजिशन समिति गठन गरी ती समितिहरूको काम, कर्तव्य र अधिकार तोकिएकोमा कार्यालय भवन निर्माण समिति र मर्जर एण्ड एक्विजिसन समितिको निर्धारित कार्य सम्पन्न भई सकेको हुँदा उक्त समितिहरू विघटन गरिसकिएको छ ।

लेखापरीक्षण समिति

सञ्चालक समितिले गैह्र कार्यकारी सञ्चालक श्री चन्द्र टण्डनको संयोजकत्वमा लेखापरीक्षण समिति गठन गरेको छ । सो समितिको अन्य सदस्यहरू श्री विजय ध्वज कार्की, डा. चन्दा कार्की, सदस्य-सचिवमा आन्तरिक लेखापरीक्षण विभागका प्रमुख रहेका छन् । सो समितिले संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण प्रणाली, लेखापरीक्षणसम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी बैंकको व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गरेको छ ।

लेखापरीक्षण समितिको आ.व. २०७२/७३ मा १६ पटक बैठक बसेको थियो । उक्त बैठकहरूमा प्रचलित कानून बमोजिम बैकको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षक तथा बाह्य लेखापरीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएका बुँदा/कैफियतहरु उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने, नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औँल्याइएका बुँदा/कैफियतहरुको कार्यान्वयन भए/नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरुको अभिलेख गरी सञ्चालक समितिलाई जानकारी गराउने, बैकको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थपरक बनाउन व्यवस्थापनलाई सहयोग गर्ने, बैकको कामकारवाहीमा नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरु अवलम्बन भए/नभएको बारे समीक्षा गरी सञ्चालक समितिलाई आवश्यक सुझाव दिने, बैकको त्रैमासिक वित्तीय विवरणको समीक्षा गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने कार्यहरू समितिले सम्पन्न गरेको छ ।

जोखिम व्यवस्थापन समिति

सञ्चालक समितिले गैह्र कार्यकारी सञ्चालक श्री मनोहरदास मुलको संयोजकत्वमा जोखिम व्यवस्थापन समिति गठन गरेको छ । सो समितिका अन्य सदस्यहरूमा श्री प्रकाश चन्द्र मैनाली, श्री चन्द टण्डन र प्रमुख संचालन अधिकृत र सदस्य सचिवमा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुखलाई तोकिएको छ। लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य रहने र समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नुपर्ने व्यवस्था रहेको छ । यस समितिको काम, कर्तव्य र अधिकार नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तोकिएको छ । आ.व. २०७२/७३ मा जोखिम व्यवस्थापन समितिको ५ पटक बैठक बसेको थियो । बैंकलाई असर पार्न सक्ने जोखिमहरूलाई पत्ता लगाई त्यसको उचित व्यवस्थापन गर्न बैंकको जोखिम व्यवस्थापन समिति क्रियाशील रहेको छ । समितिले जोखिम व्यवस्थापनको सन्दर्भमा कर्जा जोखिम, बजार जोखिम, सञ्चालन जोखिम, तरलता जोखिम, अनुपालन जोखिम र अन्य जोखिमलाई न्यूनीकरण गर्नमा विशेष ध्यान दिने गरेको छ। कर्जा जोखिम व्यवस्थापनका निम्ति बैंकमा छुट्टै कर्जा जोखिम इकाई रही आएको छ ।

कर्मचारी व्यवस्थापन र सेवा सुविधा समिति

सञ्चालक समितिले गैह्र कार्यकारी सञ्चालक श्री बालकृष्ण प्रसाईको संयोजकत्वमा कर्मचारी व्यवस्थापन र सेवा सुविधा समिति गठन गरेको छ । सो समितिको अन्य सदस्यहरूमा श्री पवित्र कुमार कार्की, श्री राजन सिंह भण्डारी र वित्त विभागका विभागीय प्रमुख र सदस्य सचिवमा जनशक्ति व्यवस्थापन विभागका विभागीय प्रमुख तोकिएको छ। यस समितिको काम, कर्तव्य र अधिकार समेत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तोकिएको छ ।

आ.व. २०७२/७३ मा कर्मचारी व्यवस्थापन र सेवा सुविधा समितिको ६ पटक बैठक बसेको र कर्मचारी सेवा सुविधाहरू र कर्मचारी सेवा विनियमावली समीक्षा गरी आवश्यक संशोधन, तलव भत्ता पुनरावलोकन गर्ने, कर्मचारी बढुवाको न्यूनतम सेवा अवधि कायम गर्ने, तथा आवश्यक कर्मचारीहरूको दरबन्दी सिफारिस गर्ने कार्य सम्पन्न गरेको छ ।

कार्यालय भवन निर्माण समिति

सञ्चालक समितिले गैह्र कार्यकारी सञ्चालक श्री मनोहरदास मुलको संयोजकत्वमा कार्यालय भवन निर्माण समिति गठन गरेको थियो । उक्त समितिको अन्य सदस्यहरूमा श्री प्रकाश चन्द्र मैनाली, श्री पवित्र कुमार कार्की र सहायक महाप्रबन्धक, सदस्य सचिवमा सामान्य प्रशासन विभागको प्रमुखलाई तोकिएको थियो । आ.व. २०७२/७३ मा कार्यालय भवन निर्माण समितिको बैठक ९ पटक बसेको र समितिले बैंकको निर्माणाधिन कर्पोरेट भवन सम्बन्धी आवश्यक निर्णयहरू गरी निरन्तर प्रगति अनुगमन गरेको थियो । बैंकको कार्यालय भवनको निर्माण संरचना तयार भईसकेको, आन्तरिक सजावट सम्बन्धी कार्य गर्न M/S Home Maker Pvt.Ltd लाई ठेक्का दिने निर्णय भई कार्यान्वयनमा रहेको Finacle Core Banking Solution खरीदगर्न M/S EdgeVerve Systems Limited र M/s CAS Trading House Pvt.Ltd. सँग निर्णयानुसार सम्झौता गरिसकिएकोले उक्त समितिलाई तोकिएको कार्य सफलतापूर्वक सम्पन्न भईसकेको हुँदा मिति २०७२/१२/१४ गते बसेको संचालक समितिको बैठकबाट यस समितिलाई विघटन गरिएको छ ।

मर्जर एण्ड एक्वीजिशन समिति

सञ्चालक समितिले गैर कार्यकारी सञ्चालक श्री पबित्र कुमार कार्कीको संयोजकत्वमा मर्जर एण्ड एक्वीजिशन समिति गठन गरेकोमा उक्त समितिले आफ्नो कार्य सम्पन्न गरेकोले समिति मिति २०७२/१२/१४ गते देखि विघटन गरिएको छ। आ.व. २०७२/७३ मा मर्जर एण्ड एक्वीजिशन समितिको बैठक ७ पटक बसेको थियो । उक्त बैठकहरूमा समितिले प्रिमियर फिनान्स लि. को प्राप्ति गर्ने सम्बन्धी कार्यहरू सम्पन्न गरी मिति २०७३/३/२० गतेका दिन प्रिमियर फिनान्स लि. लाई प्राप्ति गर्न नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृति प्रदान गरिएको र मिति २०७३/४/२ गतेका दिनबाट एकीकृत कारोवार शुरू भईसकेको छ ।

१३. सरकारी राजस्वमा योगदान

आ.व. २०७२/७३ मा बैंकले अग्रिम आयकर वापत रू. ४२ करोड र विभिन्न भुक्तानीमा कर कट्टी गरे वापत रू. २५ करोड ५८ लाख ४८ हजार गरी कुल रू. ६७ करोड ५८ लाख ४८ ठूला करदाता कार्यालयमा दाखिला गरेको छ ।

१४. मानव संसाधन

२०७३ आषाढ मसान्तसम्ममा बैंकमा कुल ६२६ जना कर्मचारी कार्यरत रहेका छन् । चालु आर्थिक वर्षमा १८२ जना नयाँ कर्मचारी नियुक्त गरिएको थियो भने ५८ जना कर्मचारी बैंकको सेवाबाट अलग भएका छन् । कुल कर्मचारीमध्ये २२७ जना (३६.२६ प्रतिशत) महिला कर्मचारीहरु रहेका छन् । ग्राहकवर्गलाई सर्वसुलभ तथा छिटोभन्दा छिटो समयमा सेवा उपलब्ध गराई व्यावसायिक उद्देश्य प्राप्ति गर्न बैंकको जनशक्तिको दक्षता वृद्धिका लागि कर्मचारीहरुलाई आवश्यक तालिमहरु प्रदान गरीएको र आगामी वर्षमा समेत सोही अनुरूप तालिमहरू प्रदान गर्ने नीति लिईएको छ ।

१५. विविध

बैंकले आ.व. २०७१/७२ को वार्षिक प्रतिवेदनको निमित्त नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाबाट प्रदान गरिने बैंकिङ्ग समूह अन्तर्गत सहभागि बैंकहरू मध्ये उत्कृष्ट वार्षिक प्रतिवेदनको पुरस्कार प्राप्त गर्न सफल भएको छ ।

१६. बैंकको कारोवारलाई असर पार्ने मुख्य कारकहरू

बैंकको कारोवारलाई असर पार्न सक्ने विभिन्न किसिमका जोखिमहरुलाई तल प्रस्तुत गरेको छु :

१. नेपाल सरकार र नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक सम्बन्धी नीतिमा परिवर्तन गर्दा श्रृजना हुनसक्ने संभावित जोखिमहरु ।

२. विदेशी विनिमय कारोवार गर्दा विनिमयदरमा हुने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

३. निक्षेप तथा कर्जा लगानीको ब्याजदरमा हुने परिवर्तनबाट असर गर्ने जोखिमहरु ।

४. यथा समयमा कर्जा असुली नभई उत्पन्न हुने जोखिमहरु ।

५. देशको आर्थिक अवस्थामा आउने परिवर्तनबाट पर्न सक्ने जोखिमहरु ।

६. प्रतीतपत्र र जमानतपत्र जारी गर्ने जस्ता गैरकोषीय सेवाहरु प्रदान गर्दा हुन सक्ने संभावित जोखिमहरु ।

७. अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

८. पूँजीबजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरु ।

९. विप्रेषणको घट्दो वृद्धिदरबाट अर्थ व्यवस्थामा नकारात्मक प्रभाव परि श्रृजना हुनसक्ने जोखिमहरू ।

१०. देशको राजनैतिक अस्थिरताले पर्न सक्ने असरहरू ।

११. तीव्रतर बैंकिङ्ग प्रतिस्पर्धाका कारण पर्न सक्ने असरहरू ।

१२. समय समयमा उत्पन्न हुने विभिन्न प्राकृतिक प्रकोपमा श्रृजना हुन सक्ने जोखिमहरू ।

१७. लेखापरीक्षकको नियुक्ति

बैंकको आर्थिक वर्ष २०७२/७३ का हरहिसाबहरु लेखापरीक्षण गर्नको लागि नवौं वार्षिक साधारण सभाबाट नियुक्त हुनु भएका श्री के.के. बुढाथोकी एण्ड एसोसिएटस, चार्टड एकाउन्टेन्ट्सबाट लेखापरीक्षण सम्पन्न भयो । आर्थिक वर्ष २०७३/७४ को हरहिसाबहरु लेखापरीक्षण गर्नको लागि लेखापरीक्षण समितिको सिफारिस अनुसार लेखापरीक्षकको नियुक्त गरिने छ ।

१८. भावी कार्यक्रम तथा योजनाहरु

यस बैंकको भावी कार्यक्रम निम्नानुसार रहेका छन् :

१. आगामी २०७४ आषाढ मसान्तसम्ममा बैंकको चुक्ता पूँजी रू ८ अर्ब पुऱ्याउनका लागि पारित पूँजी योजना अनुसार बोनस शेयर एवं हकप्रद शेयर जारी गरी नेपाल राष्ट्र बैंकको निर्देशानुसार चुक्ता पूँजी वृद्धि गर्ने ।

२. निक्षेपको औसत ब्याजदरमा कमी ल्याउने किसिमले निक्षेपका नयाँ योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने र व्यक्तिगत निक्षेपकर्ताहरुको आधार वृद्धि गर्दै संस्थागत निक्षेपतर्फको निर्भरता कम गर्दै लैजाने ।

३. EMV Compatible Chip Cards जारी गर्ने व्यवस्था मिलाउने ।

४. बैंकको रजिष्टर्ड कार्यालयलाई कमलादीबाट नारायणहिटी मार्ग स्थित आफ्नै भवनमा स्थानान्तरण गर्ने ।

५. बैंकको Core Banking Software Pumori Plus IV बाट Finacle मा upgrade गर्ने ।

६. गैह्र कोषमा आधारित आम्दानी श्रृजना हुने कारोवारमा केन्द्रित भई गैह्र कोषमा आधारित कारोवार वृद्धि गर्ने ।

७. बैंकको विप्रेषण कारोवार बढाउन मलेशिया, जापान, कतार, साउदी अरबमा ४ वटा विदेशी कम्पनीसँग कारोवार शुरू गर्ने ।

८. कर्जाको गुणस्तरमा सुधार गर्दै लैजाने र कर्जा विस्तार गर्दा कृषि लगायत साना तथा घरेलु उद्योगतर्फ लगानी वृद्धि गर्ने ।

९. बैंकको आन्तरिक नियन्त्रण प्रणाली तथा सुशासनलाई अझ वढी सुदृढ गर्ने ।

१०. बैंकको वार्षिक कार्यक्रमको अवसरमा अन्तर बैंक खेलकूद प्रतियोगिता सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिने ।

११. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न थप कार्यक्रमहरु सञ्चालन गर्ने ।

१९. लेखापरीक्षण, वासलात र अन्य विवरण

२०७२ आषाढ मसान्तको वासलात, २०७२/७३ को नाफा-नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण, सम्बद्ध अनुसूचीहरु र लेखापरीक्षकको प्रतिवेदन यसै प्रतिवेदनका अंगको रुपमा राखिएको छ ।

नाफा नोक्सान बाँडफाँड

आर्थिक वर्ष २०७२/७३ मा रू. १ अर्व ८ करोड ३ लाख ७७ हजार खुद नाफा भएकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४४ बमोजिम खुद नाफाको २० प्रतिशत अर्थात रू.२१ करोड ६० लाख ७५ हजार साधारण जगेडा कोषमा छुट्याइएको छ । यसै गरी सोही ऐनको दफा ४५ बमोजिम विदेशी मुद्राको विनिमय दरमा परिवर्तन भएको कारणबाट यस वर्ष खुद नाफा भएको हुँदा सटही घटबढ कोषमा रू. ९६ लाख २२ हजार छुट्याइएको छ । यसको अतिरिक्त लगानी समायोजन कोषबाट खुद रू. १ करोड ३२ लाख ३ हजार फिर्ता भएको छ भने बैंकले जारी गरेको बण्ड फिर्ता गर्नको निमित्त पूँजी फिर्ता समायोजन कोषमा रू १० करोड छुट्याईएको छ । साथै बैंकले गत वर्षको करहरूको रकम रू १ करोड ८२ लाख ६३ हजार रूपैया यस वर्षको नाँफा नोक्सान बाँडफाँड हिसावमा खर्च लेखेको छ । गत आर्थिक वर्षको सञ्चित नाँफा रू ८ करोड २६ लाख ७ हजार समेत गरी यस वर्षको अन्त्यमा कायम भएको कुल वितरण योग्य मुनाफा रू ८३ करोड २२ लाख २६ हजार मध्येबाट रू ३ करोड ९५ लाख ९ हजार नगद लाभांश तथा रू. ७५ करोड ६ लाख ७५ हजार बोनस शेयर गरी कुल रू ७९ करोड १ लाख ८५ हजार लाभांश बितरण गर्ने र बाँकी रू ४ करोड २० लाख ४१ हजार सञ्चित मुनाफामा राख्ने प्रस्ताव गरिएको छ ।

२०. कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरणहरुलाई यसै प्रतिवेदनको अंगको रुपमा अनुसूची "क" (पृष्ठ संख्या १७) मा राखिएको छ ।

२१. धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०६५ को नियम २२ को उपनियम (१) सँग सम्बद्ध विवरण यसै प्रतिवेदनको अंगको रुपमा अनुसूची "ख" (पृष्ठ संख्या २२) मा राखिएको छ ।

धन्यवाद ज्ञापन

यस बैंकको उद्देश्य प्राप्तिका लागि सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, ग्राहकवर्ग तथा नेपाल सरकारका सम्बद्ध निकायलगायत नेपाल राष्ट्र बैंकप्रति सञ्चालक समितिको तर्फबाट हार्दिक आभार प्रकट गर्दछु । बैंकको उत्तरोत्तर उन्नति र प्रगतिमा पुऱ्याउनु भएको योगदानका लागि प्रमुख कार्यकारी अधिकृतलगायत बैंकका सम्पूर्ण अधिकृत तथा कर्मचारीहरु र अन्य सहयोगीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै बैंकका गतिविधिहरुलाई सकारात्मक रुपमा जनसमक्ष पुऱ्याइदिने संचारजगत् र प्रत्यक्ष अप्रत्यक्ष रुपमा बैंकलाई सहयोग पुऱ्याउने सम्पूर्ण शुभेच्छुकहरुप्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु ।

मितिः २०७३/०६/१६

सञ्चालक समितिको तर्फबाट
डा. शंकर प्रसाद शर्मा
अध्यक्ष

अनुसूची "क"

कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरण

(क) विगत वर्षको कारोबारको सिंहावलोकन,

सञ्चालक समितिको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको ।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट बैंकको कारोबारलाई कुनै असर परेको भए सो असर,

विदेशी विनिमय कारोबार गर्दा विनिमयदरमा हुने परिवर्तनबाट हुन सक्ने जोखिमहरू अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरू । नेपाली रुपैयाँको विदेशी मुद्राका तुलनामा भइरहेको अवमूल्यनले देशको आयातको लागत महङ्गो पर्न गई मुद्रास्फीतिमा चाप पर्न जाने र औद्योगिक वस्तुको उत्पादन लागतमा समेत वृद्धि भई स्थानिय उत्पादनको प्रतिस्पर्धि क्षमतामा ह्रास आउने देखिन्छ । अन्तराष्ट्रिय बजारमा आउने मन्दिले प्रत्यक्ष रुपमा पर्यटन तथा विप्रेषणमा ह्रास आई समग्र बैकिङ्ग ब्यवसाय प्रभावित हुने देखिन्छ ।

(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालू वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा,

सञ्चालक समितिको वार्षिक प्रतिवेदनमा "विगत वर्षको बैंकको कारोवारको सिंहावलोकन" र "भावी कार्यक्रम" शीर्षक अन्तर्गत उल्लेख गरिएको ।

(घ) बैंकको औद्योगिक वा व्यावसायिक सम्बन्ध,

बैंकको औद्योगिक एवम् ब्यवसायिक सम्बन्ध भएका सवै सरोकारवालाहरुसंग सुमधुर ब्यवसायिक सम्बन्ध कायम रहेको ।

(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण,

सञ्चालक समितिको वार्षिक प्रतिवेदनमा "सञ्चालक समितिमा भएको हेरफेर" शीर्षक अन्तर्गत उल्लेख गरिएको ।

(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरु,

१. **नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकसम्बन्धी नीतिमा परिवर्तन गर्दा श्रृजना हुनसक्ने संभावित जोखिमहरू ।**
२. **विदेशी विनिमय कारोबार गर्दा विनिमयदरमा हुने परिवर्तनबाट हुन सक्ने जोखिमहरू ।**
३. **निक्षेप तथा कर्जा लगानीको ब्याजदरमा हुने परिवर्तनबाट असर गर्ने जोखिमहरू ।**
४. **यथा समयमा कर्जा असुली नभई उत्पन्न हुने जोखिमहरू ।**
५. **देशको आर्थिक अवस्थामा आउने परिवर्तनबाट पर्न सक्ने जोखिमहरू ।**
६. **प्रतीतपत्र र जमानतपत्र जारी गर्ने जस्ता गैरकोषीय सेवाहरू प्रदान गर्दा हुन सक्ने संभावित जोखिमहरू तथा कारोवार सञ्चालन गर्दा श्रृजना हुन सक्ने अन्य जोखिमहरु ।**
७. **अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरू ।**
८. **पूँजीबजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरू ।**
९. **विभिन्न प्राकृतिक प्रकोपबाट श्रृजना हुन सक्ने जोखिमहरु ।**
१०. **देशको राजनैतिक अस्थिरताले पर्न सक्ने असरहरु ।**
११. **तिब्रतर बैकिङ्ग प्रतिस्पर्धाका कारण पर्न सक्ने असरहरु ।**

(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया,

सारभुत कैफियत नरहेको ।

(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम,

आ.व २०७२/७३ को वितरण योग्य मुनाफाबाट २०७३ आषाढ मसान्तको चुक्ता पूँजी रु ३,०६५,२३३, ८१७/- को २४.४९% ले हुने रु ७५०,६७५,७६२ बोनस शेयर र १.२९% ले हुने रु ३९,५०९,२५१ नगद लाभांश दिने प्रस्ताव गरिएको छ ।

(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सोवापत बैंकले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी बैंकले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण,

बैंकले गतवर्ष कुनै पनि शेयर जफत गरेको छैन ।

(ञ) विगत आर्थिक वर्षमा बैंक र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन,

बैक तथा बैंकको सहायक कम्पनीको रुपमा स्थापित सि.वि.आई.एल क्यापिटल लि.समेतको कारोवारको प्रगति सो आर्थिक वर्षान्तमा रहेको स्थिति संलग्न एकीकृत वासलात, एकीकृत नाफा नोक्सान हिसाव र एकीकृत नगद प्रवाह विवरणले यथार्थ चित्रण गरेको छ । साथै सञ्चालक समितिको आर्थिक वर्ष २०७२/७३ को प्रतिवेदनमा बैंक र सहायक कम्पनीको कार्यसम्पादन समीक्षा समावेश गरिएको छ ।

(ट) बैंक तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरू र सो अवधिमा बैंकको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन,

यस बैंकले आर्थिक वर्ष २०७२/७३ मा आफ्नो ६७ प्रतिशत शेयर लगानी गरी सि.वि.आई.एल.क्यापिटल लि.नामको कम्पनीमा लगानी गरी उक्त कम्पनीलाई सहायक कम्पनीको रुपमा स्थापित गरेकोछ । बैंक तथा यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवार र कारोवारमा आएको परिवर्तन संलग्न एकीकृत वासलात, एकीकृत नाफा नोक्सान हिसाव, एकीकृत नगद प्रवाह विवरण तथा लेखा सम्बन्धी विवरणले प्रष्ट पारेका छन् ।

(ठ) विगत आर्थिक वर्षमा बैंकको आधारभूत शेयरधनीहरूले बैंकलाई उपलब्ध गराएको जानकारी,

यस्तो कुनै जानकारी प्राप्त भएको छैन ।

स्वीकार तथा दरपिठ Acceptance and Endorsements	५१०,५१८			५१०,५१८	१००%	५१०,५१८	२५१,१९१	२५१,१९१
भुक्तानी नगरिएको भाग तथा आंशिक भुक्तानी गरिएको शेयर तथा सुरक्षण (Unpaid portion of Partly paid shares and Securities)					१००%			
अपरिवर्त्य कर्जा प्रतिवद्धता छोटो अवधि	१२,७५७,९०९			१२,७५७,९०९	२०%	२,५५१,५८२	५,८७७,७०८	१,१७५,५४२
अपरिवर्त्य कर्जा प्रतिवद्धता लामो अवधि					५०%			
अन्य सम्भावित दायित्वहरू	३३,३६९			३३,३६९	१००%	३३,३६९		
भुक्तानीको लागि दावी परेका जमानत वापतको संभावित दायित्व	१२,७६३			१२,७६३	२००%	२५,५२६	४,६२३	९,२४६
जम्मा	१६,७४०,७७८		१५५,१०३	१६,५८५,६७४		४,८६९,१९९	८,७३३,९६३	२,७३२,८०५
कुल कर्जा जोखिम (क+ख)	७३,६७८,५८७	१,४७५,९६९	२,५५८,५७८	६९,६४४,०३९		४४,८१९,०५२	४९,०२०,३८९	३०,८७१,३२२
PILLAR II अन्तर्गतको समायोजन								
जोड : ६.४(क) (३) अन्तर्गत प्रति ग्राहक कर्जा तथा सुविधा सीमाभन्दा बढी प्रवाहित कर्जा तथा सुविधाको १० प्रतिशत								
जोड : ६.४(क) (४) अन्तर्गत पुनः स्वीकार हुनेगरी बिक्री गरिएका कर्जाहरूको १ प्रतिशत								
कुल कर्जा जोखिम (PILLAR II अन्तर्गतको समायोजनपछि)	७३,६७८,५८७	१,४७५,९६९	२,५५८,५७८	६९,६४४,०३९		४४,८१९,०५२	४९,०२०,३८९	३०,८७१,३२२

अनुसूची ३० (ग)

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

३१ आषाढ २०७३ (१५ जुलाई २०१६)

Credit Risk Mitigants (CRM) को लागि योग्य रकम

रकम रू. '०००

क) वासलात भित्रको कारोवार	आफ्नो बैंकमा रहेको निक्षेप	अन्य बैंकमा रहेको निक्षेप	सुन	सरकार तथा नेपाल राष्ट्र बैंक	नेपाल सरकारको जमानत	अन्य देशको सरकारको जमानत	स्वदेशी बैंकको जमानत	विदेशी बहुपक्षिय विकास बैंकहरु जमानत	विदेशी बैंकको जमानत तथा सुरक्षण	जम्मा
नगद मौज्दात										
नेपाल राष्ट्र बैकमा रहेको मौज्दात										
सुन										
नेपाल सरकारको ऋणपत्रमा लगानी										

नेपाल सरकार उपरको सम्पूर्ण दावी										
नेपाल राष्ट्र बैंक ऋणपत्रमा गरिएको लगानी										
नेपाल राष्ट्र बैंक उपरको सम्पूर्ण दावी										
विदेशी सरकार तथा केन्द्रीय बैंक उपरको दावी (ECA rating 0-1)										
विदेशी सरकार तथा केन्द्रीय बैंक उपरको दावी (ECA Rating -2)										
विदेशी सरकार तथा केन्द्रीय बैंक उपरको दावी (ECA Rating -3)										
विदेशी सरकार तथा केन्द्रीय बैंक उपरको दावी (ECA Rating 4-6)										
विदेशी सरकार तथा केन्द्रीय बैंक उपरको दावी (ECA Rating-7)										
BIS, IMF, ECB, EC र बहुपक्षिय विकास बैंकहरू उपरको दावी										
अन्य बहुपक्षिय विकास बैंकहरू उपरको दावी										
सार्वजनिक संस्था उपरको दावी (ECA Rating 0-1)										
सार्वजनिक संस्था उपरको दावी (ECA Rating -2)										
सार्वजनिक संस्था उपरको दावी (ECA Rating 3-6)										
सार्वजनिक संस्था उपरको दावी (ECA Rating -7)										
तोकिएको पूँजीकोष कायम गर्ने स्वदेशी बैंक उपरको दावी										
तोकिएको पूँजीकोष कायम नगर्ने स्वदेशी बैंक उपरको दावी										
विदेशी बैंक उपरको दावी (ECA Rating 0-1)										
विदेशी बैंक उपरको दावी (ECA Rating -2)										
विदेशी बैंक उपरको दावी (ECA Rating 3-6)										
विदेशी बैंक उपरको दावी (ECA Rating -7)										
तोकिएको पूँजीकोषमा १ प्रतिशत भन्दा बढीले पूँजीकोष कायम गर्ने SAARC क्षेत्रभित्र स्थापना भएका विदेशी बैंक उपरको दावी										
स्वदेशी संघ संस्थाहरू उपरको दावी										
विदेशी संघ संस्थाहरू उपरको दावी (ECA Rating 0-1)										
विदेशी संघ संस्थाहरू उपरको दावी (ECA Rating -2)										
विदेशी संघ संस्थाहरू उपरको दावी (ECA Rating 3-6)										
विदेशी संघ संस्थाहरू उपरको दावी (ECA Rating -7)										
उपभोग्य तथा साना कर्जा (Regulatory Retail Portfolio) (भाखा ननाघेको)										
ग्रानुलारिटी सीमा बाहेक अन्य शर्त पालना गरेको उपभोग्य तथा साना कर्जा (Regulatory Retail Portfolio except for Granularity)										
आवासिय घरजग्गाबाट सुरक्षित दावी										
आवासीय घरजग्गाबाट पूर्ण सुरक्षित नभएको दावी										
आवासीय घरजग्गाबाट सुरक्षित दावी (भाखा नाघेको)										
व्यापारिक घरजग्गाबाट सुरक्षित दावी										
भूक्तानी अवधि समाप्त भईसकेको दावी (आवासीय घरजग्गाबाट सुरक्षित दावी बाहेक)										
उच्च जोखिमयुक्त दावी	२१३,१७७		२,१९०,२९८							२,४०३,४७५
स्टक एक्सचेन्जमा सूचिकृत कम्पनीको शेयर र अन्य पूँजीगत उपकरणमा भएको लगानी										
स्टक एक्सचेन्जमा सूचिकृत नभएको कम्पनीको शेयर र अन्य पूँजीगत उपकरणमा भएको लगानी										
आवासिय घरजग्गाबाट सुरक्षित कर्मचारी कर्जा										
प्राप्त हुनुपर्ने ब्याज/नेपाल सरकारको धितोपत्रमा दावी										
मार्गस्थ नगद तथा भुक्तानी प्राप्त हुने क्रममा रहेको अन्य नगद सम्पत्ति										
अन्य सम्पत्ति										
जम्मा	२१३,१७७		२,१९०,२९८							२,४०३,४७५

ख) वासलत बाहिरको कारोवार	आफ्नो बैंकमा रहेको निक्षेप	अन्य बैंकमा रहेको निक्षेप	सूत	सरकार तथा नेपाल राष्ट्र बैंक	नेपाल सरकारको जमानत	अन्य देशको सरकारको जमानत	स्वदेशी बैंकको जमानत	विदेशी बहुपक्षिय विकास बैंकहरु जमानत	विदेशी बैंकको जमानत तथा सुरक्षण	जम्मा
जूनसुकै बेला फिर्ता लिन सकिने प्रतिवद्धता										
बिल्स कलेक्सन										
अग्रिम विनिमय सम्झौता										
६ महिना भन्दा कम अवधिको प्रतित-पत्र स्वदेशी कारोवार पक्ष	३८,४५४									३८,४५४
विदेशी कारोवार पक्ष (counter party) (ECA 0-1)										
विदेशी कारोवार पक्ष (counter party) (ECA -2)										
विदेशी कारोवार पक्ष (counter party) (ECA 3-6)										
विदेशी कारोवार पक्ष (counter party) (ECA -7)										
६ महिना भन्दा बढी अवधिको प्रतित-पत्र स्वदेशी कारोवार पक्ष	४०,३४३									४०,३४३
विदेशी कारोवार पक्ष (counter party) (ECA 0-1)										
विदेशी कारोवार पक्ष (counter party) (ECA -2)										
विदेशी कारोवार पक्ष (counter party) (ECA 3-6)										

विदेशी कारोवार पक्ष (counter party) (ECA -7)										
विड वण्ड, परफरमेन्स वण्ड, काउण्टर ग्यारेन्टी स्वदेशी कारोवार पक्ष	७६,३०६									७६,३०६
विदेशी कारोवार पक्ष (counter party) (ECA 0-1)										
विदेशी कारोवार पक्ष (counter party) (ECA -2)										
विदेशी कारोवार पक्ष (counter party) (ECA 3-6)										
विदेशी कारोवार पक्ष (counter party) (ECA -7)										
प्रत्याभुति (Underwriting) सम्बन्धी प्रतिवद्धता										
बैंकवाट सुरक्षणको रूपमा प्रदान गरिएका जमानतहरू (Securities or Posting of Securities as collateral)										
पुनः खरीद सम्झौता अन्तर्गतको कर्जा										
अग्रिम भुक्तानी जमानत										
वित्तीय जमानत										
स्वीकार तथा दरपिठ Acceptance and Endorsements										
भुक्तानी नगरिएको भाग तथा आंशिक भुक्तानी गरिएको शेयर तथा सुरक्षण (Unpaid portion of Partly paid shares and Securities)										
अपरिवर्त्य कर्जा प्रतिवद्धता छोटो अवधि										
अपरिवर्त्य कर्जा प्रतिवद्धता लामो अवधि										
अन्य सम्भावित दायित्वहरू										
भुक्तानीको लागि दावी परेका जमानत वापतको संभावित दायित्व										
जम्मा	१५५,१०३									१५५,१०३
कुल **CRM** (क+ख)	३६८,२८०		२,१९०,२९८							२,५५८,५७८

अनुसूची ३० (घ)

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

३१ आषाढ २०७३ (१५ जुलाई २०१६)

सञ्चालन जोखिम

रकम रू. '०००

विवरण	२०७३ आषाढ मसान्तको अघिल्ला वर्षहरु			२०७२ आषाढ मसान्त
	आ.व. २०६९/७०	आ.व. २०७०/७१	आ.व. २०७१/७२	
खुद ब्याज आम्दानी	१,०३५,०७१	१,०७३,१२७	१,२६८,४०३	
कमिशन तथा डिस्काउण्ट	५२,५६९	५४,७४२	६२,४५७	
अन्य सञ्चालन आम्दानी	१३४,४३६	२०६,१७०	१८१,२१२	
सटही घटवढ आम्दानी	२७,१७१	७५,८३३	९८,६६८	
यस वर्षको थप ब्याज मुल्तवी हिसाव	५६,८४९	५३,२६५	(३,९९९)	
कुल आम्दानी (क)	१,३०६,०९६	१,४६३,१३७	१,६०६,७४१	
तोकिएको प्रतिशत (ख)	१५%	१५%	१५%	
तोकिएको प्रतिशतले हुने कुल आम्दानी (ग)=(क)*(ख)	१९५,९१४	२१९,४७१	२४१,०११	
सञ्चालन जोखिमको लागि आवश्यक पूँजी (घ)=(ग) को औषत			२१८,७९९	१७५,२५२
जोखिम भार (Reciprocal of capital requirement) (ङ)			१०	१०
सञ्चालन जोखिमको लागि जोखिम भारित रकम (च)=(घ)*(ङ)			२,१८७,९९०	१,७५२,५२०
PILLAR II **अन्तर्गतको समायोजन**				
६.४ (अ) अनुसार गत तीन वर्षको कुल आम्दानी ऋणात्मक भएमा				
कुल कर्जा तथा लगानी (विशेष व्यवस्थाको समायोजन पछि)				
सञ्चालन जोखिमको लागि आवश्यक पूँजी				
जोखिम भार (Reciprocal of capital requirement of 10%) (छ)				
सञ्चालन जोखिमको लागि जोखिम भारित रकम (ज)=(च)*(छ)			२,१८७,९९०	१,७५२,५२०

अनुसूची ३० (ङ)

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

३१ आषाढ २०७३ (१५ जुलाई २०१६)

बजार जोखिम

रु. '०००

सि. नं.	विवरण	२०७३ आषाढ मसान्तको विदेशी मुद्राको सान्दर्भिक खुद अवस्था (ने. रु.)			२०७२ आषाढ मसान्तको विदेशी मुद्राको सान्दर्भिक खुद अवस्था (ने. रु.)
		विदेशी मुद्राको खुद अवस्था (वि.मु.)	विदेशी मुद्राको खुद अवस्था (ने.रु.)	विदेशी मुद्राको सान्दर्भिक खुद अवस्था (ने. रु.)	
१	भारतीय रूपिया	४,३८७	७,०२३	७,०२३	६२,१५६
२	अमेरिकी डलर	१८	१,९५२	१,९५२	८,६७३
३	पाउन्ड स्टर्लिङ	५	७३४	७३४	६,६८६
४	अस्ट्रेलियन डलर	५३	४,३५३	४,३५३	१,४५०
५	क्यानेडियन डलर	१०	८६०	८६०	४०१
६	स्विस फ्रैंक	४	४२२	४२२	६५५
७	सिंगापुर डलर	४	३०८	३०८	१,१२१
८	जापानी येन	७५९	७६८	७६८	१,७७२
९	स्विडिस क्रोनर		५	५	४
१०	डेनिस क्रोनर	२०	३२६	३२६	२३
११	हङ्गकङ्ग डलर	९	११८	११८	६९
१२	साउदी अरब रियाल	५४	१,५३४	१,५३४	२,२९२
१३	कतारी रियाल	३१	८९८	८९८	४८१
१४	यु.ए.ई. डिराम	१८	५२१	५२१	१,१४२
१५	थाई भाट	३	१०	१०	१६
१६	यूरो	५	५४९	५४९	५८९
१७	मलेशियन रिंगित	२८	७६८	७६८	९८२
१८	चाइनिज युआन	२	३९	३९	५१
१९	कुवेती डिनार	१	२५१	२५१	१९३
२०	बाहराइनी डिनार		५७	५७	२७
कुल खुद अवस्था (क)				२१,४९६	८८,७८३
तोकिएको प्रतिशत (ख)				५%	५%
बजार जोखिमको लागि आवश्यक पूँजी (ग)=(क)x(ख)				१,०७४.८०	४,४३९
जोखिम भार (Reciprocal of capital requirement) (३)=(१००/१०)				१०	१०
बजार जोखिमको लागि जोखिम भारित रकम (ङ)=(ग)X(घ)				१०,७४८	४४,३९०

अनुसूची ३१

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

प्रमुख सूचकाङ्कहरु

विवरण		आ. व. २०६८/६९	आ. व. २०६९/७०	आ. व. २०७०/७१	आ. व. २०७१/७२	आ. व. २०७२/७३
१. खुद नाफा/कुल आम्दानी	प्रतिशत	१०.५७	१६.८४	१७.८१	२३.१७	२७.३१
२. प्रति शेयर आम्दानी	रू.	१०.७०	१९.६६	२३.७०	३०.९४	३५.२५
३. प्रति शेयर बजार मूल्य	रू.	२३०	२६७	५३९	४८९	६८०
४. मुल्य आम्दानी अनुपात (PE Ratio)	अनुपात	२१.५०	१३.५८	२२.७४	१५.८०	१९.२९
५. शेयर पूँजीमा लाभांश (बोनस शेयर सहित)	प्रतिशत	८.४२	१५.००	१८.९५	२१.०५	२५.७८*
६. शेयर पूँजीमा नगद लाभांश भुक्तानी	प्रतिशत	८.४२	१५.००	५.९५	१.०५	१.२९
७. ब्याज आम्दानी/कर्जा तथा सापट	प्रतिशत	१३.९४	१३.०७	११.४४	१०.१९	९.४१
८. कर्मचारी खर्च/कुल सञ्चालन खर्च	प्रतिशत	३३.८४	३७.०६	३८.११	४२.५७	४४.१९
९. कुल निक्षेप तथा सापटीमा ब्याज खर्च	प्रतिशत	८.८६	५.८१	५.३७	४.६०	४.३८
१०. सटही घटबढ आम्दानी/कुल आम्दानी	प्रतिशत	०.०३	१.११	२.७१	३.१७	३.६२
११. कर्मचारी बोनस/कुल कर्मचारी खर्च	प्रतिशत	२९.६९	३९.४७	४०.५६	४१.२०	५२.१३

१२. खुद नाफा/कर्जा सापट	प्रतिशत	१.६७	२.५५	२.४२	२.७५	३.१०
१३. खुद नाफा/कुल सम्पत्ति	प्रतिशत	१.२२	१.७९	१.७१	१.९५	२.२४
१४. कुल कर्जा/निक्षेप	प्रतिशत	८३.०६	७८.९७	८२.८७	८१.६०	८५.५९
१५. कुल सञ्चालन खर्च/कुल सम्पत्ति	प्रतिशत	१.७४	१.६९	१.४९	१.५८	१.३८
१६. जोखिम भारित सम्पत्तिमा पूँजीकोषको पर्याप्तता	प्रतिशत	१४.४७	११.८९	१२.९९	१३.२७	१२.४०
(क) प्राथमिक पूँजी	प्रतिशत	१३.५८	११.०५	१०.२६	१०.७४	१०.५७
(ख) पुरक पूँजी	प्रतिशत	०.९०	०.८४	२.७३	२.५३	१.८३
१७. तरलता (CRR)	प्रतिशत	१७.५३	१३.२४	११.४८	८.२०	६.७४
१८. निष्क्रिय कर्जा/कुल कर्जा	प्रतिशत	२.०१	२.०१	३.४०	१.५३	१.३८
१९. ब्याज दर अन्तर	प्रतिशत	३.८७	४.८२	४.९९	४.२२	३.९६
२०. प्रति शेयर किताबी मूल्य	रू. हजारमा	१०९	११३	११६	१२१	१२१
२१. कुल शेयर	संख्या	२१,०१८,४००	२१,०१८,४००	२१,०१८,४००	२५,५४३,६१५	३०,६५२,३३८
२२. कुल कर्मचारी (स्थायी)	संख्या	३०१	३३०	३९९	५३२	६५२
२३. इक्विटीमा प्रतिफल	प्रतिशत	९.८५	१७.३७	१८.०९	१९.२६	२०.३६
२४. लाभांश भुक्तानी अनुपात	प्रतिशत	७८.७४	७६.२९	२५.१०	३.७३	३.६६
२५. आम्दानी अनुपात	प्रतिशत	४.६५	५.६७	१.१७	५.२५	४.३६
२६. लाभांश अनुपात	प्रतिशत	३.६६	५.६२	३.५२	४.३०	३.७९
२७. खर्च र सञ्चालन आम्दानीको अनुपात	प्रतिशत	४५.३०	३०.५२	३०.७२	३६.१५	३१.३२
२८. खुद सम्पत्ति र शेयरहोल्डरहरूको कोषको अनुपात	अनुपात	८.८०	१०.९२	११.७०	११.०९	१०.३८
२९. शेयरहोल्डरहरूको कोष र कुल दायित्वको अनुपात	प्रतिशत	९.५६	७.९८	७.३८	७.४२	७.३९
३०. आधार दर	प्रतिशत		९.७२	८.१६	७.३०	६.०६
३१. कर्जा, सापट/पूँजी र निक्षेप दायित्वको अनुपात	प्रतिशत	७४.९८	७२.३८	७५.४५	७४.९५	७७.६३
३२. कुल शाखा संख्या	संख्या	३३	३४	४२	५४	५६
३३. कुल ए टि एम को संख्या	संख्या	३१	३५	३८	४४	४९
३४. प्रति कर्मचारीको कुल आम्दानी	रू.	७४६,८२४	१,२५२,२५८	१,२४८,३५३	१,३५३,९६३	१,६५७,०२१
३५. प्रति कर्मचारी खर्च	रू.	३६१,५०७	४३७,६८३	४१४,९५९	४६५,९४०	४५२,७६४
३६. Diluted प्रति शेयर आम्दानी	रू.					२४.५५

नोटः

१. सि. नं. १ को कुल आम्दानी, कमिशन तथा छुटहरू, अन्य सञ्चालन आम्दानी तथा विदेशी मुद्रा कारोवार तथा सटही घटबढ आम्दानी समावेश गरिएका छन् ।

२. सि. नं. २ को प्रति शेयर आम्दानी गणना गर्दा नेपाल लेखामान २६ (NAS26) अनुसार भारित औसत शेयर संख्या लिइएको छ । डाइलुटेड प्रति शेयर आम्दानी सि.नं. ३६ मा रहेको छ ।

३. सि. नं. ३ मा उल्लेखित यस वर्षको शेयरको बजार मुल्यले नेपाल स्टक एक्सचेन्जमा ई. सं. २०१६ जुलाई १५ (आ.व. को अन्तिम शेयर कारोवार भएको दिन) को मुल्यलाई जनाउँदछ ।

४. *सि. नं. ५ मा उल्लेखित शेयर पूँजीमा लाभांश आषाढ मसान्त २०७३ को चुक्ता पूँजी रू. ३,०६५,२२३,८१७ को आधारमा गरिएको छ ।

५. सि. नं. ७ मा उल्लेखित ब्याज आम्दानीमा कर्मचारी कर्जा बाहेकका कर्जा तथा सापटी वापतको ब्याज आय समावेश गरिएको छ । यस वर्ष भरिको औसत कर्जा तथा सापटीलाई कर्जा तथा सापटीको रूपमा लिइएको छ ।

६. सि. नं. ८ को कुल सञ्चालन खर्चमा ब्याज खर्च, कर्मचारी खर्च तथा अन्य सञ्चालन खर्च समावेश गरिएको छ ।

७. सि. नं. ९ मा उल्लेखित निक्षेप र सापटलाई यस आ.व भरीको औसत निक्षेप र सापटी लिइएको छ ।

८. सि. नं. १० को कुल आय सि. नं. १ को जस्तै ब्याज आय, कमिशन तथा छुटहरू, अन्य सञ्चालन आय तथा विनिमय आयको योग हो ।

९. सि. नं. १२ मा उल्लेखित कर्जा तथा सापटी सि. नं. ७ मा उल्लेख गरे जस्तै आ.व. को औसत कर्जा सापट हो ।

१०. सि. नं. १३ र १५ मा उल्लेखित कुल सम्पत्ति गत वर्ष र यस वर्षको जम्मा सम्पत्तिको औसत हो ।

११. सि. नं. १४ मा उल्लेखित कर्जा तथा निक्षेप वासलातको मितिको मौज्दात हो ।

१२. सि. नं. १७ मा उल्लेखित तरलता अनुपात नगद तथा नगदसरह र कुल निक्षेपको आधारमा गणना गरिएको छ । यस आर्थिक वर्षको अन्तिम सप्ताहमा ने. रा. बैंकको निर्देशानुसार गणना गरिएको तरलता अनुपात ७.५२ प्रतिशत रहेको छ ।

१३. सि. नं. १८ मा उल्लेखित निष्क्रिय कर्जामा पुनर्तालीकरण र पुनरसंरचना गरिएका समेत समावेश गरिएका छन् ।

१४. सि. नं. २३ मा उल्लेखित इक्विटी र सि. नं २८ र २९ मा उल्लेखित शेयरहोल्डरको कोषमा शेयर पूँजी र कोष तथा जगेडा समावेश गरिएको छ ।

१५. आम्दानी अनुपातले प्रति शेयर बजार मूल्यको प्रतिफललाई जनाउँछ ।

१६. लाभांश अनुपातले प्रति शेयर बजार मूल्यको प्रतिफल जनाउँछ ।

अनुसूची ३२

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
प्रमुख लेखा नीतिहरु

मिति २०७२ श्रावण १ देखि २०७३ आषाढ ३१ गतेसम्म (१६ जूलाई २०१५ देखि १५ जूलाई २०१६)

सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त "क" वर्गको वित्तीय संस्था र कम्पनी ऐन २०६३ अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको कम्पनी हो । यसको प्रधान कार्यालय शारदा सदन, काठमाडौँमा रहेको छ । यसले वैशाख ७, २०६४ देखि विधिवत् रुपमा बैंकिङ्ग व्यवसाय गर्दै आएको छ । यस बैंकको शेयर नेपाल धितोपत्र बोर्डमा सूचीकृत गरिएको छ ।

आ.व २०७१/७२ को बैशाख २५ गते बैंकले दुई 'ग' वर्गका वित्तीय संस्थाहरू प्राप्त गरेको थियो । यस बैंकको मिति २०७१ फाल्गुण ०१ गते बसेको विशेष साधारण सभाको स्विकृति तथा नेपाल राष्ट्र बैंकको मिति २०७१ चैत्र २६ गतेको अन्तिम स्वीकृति अनुसार यस बैंकले नेपाल हाउसिङ एण्ड मर्चेन्ट फाईनान्स तथा पिपुल्स फाईनान्स लाई प्राप्त गरि मिति २०७१/१/२५ देखि संयुक्त कारोबार सुरू गरेको थियो ।

बैंकले नेपालमा व्यावसायिक बैंकिङ्ग कारोबारलगायत वाणिज्य बैंकहरुले प्रदान गर्ने सबै सेवाहरु बैंकको प्रधान कार्यालय, शाखाहरू, ATM र शाखा रहित बैंकिङ्ग सेवाहरूबाट प्रदान गर्दै आएको छ ।

सहायक कम्पनीमा लगानी

सि.बि.आइ.एल. क्यापिटल लिमिटेड यस बैंकको सहायक कम्पनी हो । यो कम्पनी ऐन २०६३ बमोजिम १७ माघ २०६२ मा पब्लिक कम्पनीको रूपमा स्थापना भएको हो । यस कम्पनीको मुख्य उद्देश्य धितोपत्र निष्कासन बिक्री प्रबन्धक सम्बन्धी सेवा प्रदान गर्नु हो । वासलातको मितिमा बैंकले सहायक कम्पनीको ६७ प्रतिशत स्वामित्व धारण गरेको छ ।

१. अनुपालनाको विवरण

संलग्न वित्तीय विवरणहरु अन्यथा उल्लेख भएका अवस्थाहरुमा बाहेक नेपाल लेखामान बोर्डद्वारा जारी गरिएको लेखानीति साथै लेखासम्बन्धी आधारभूत सिद्धान्तहरु, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ का व्यवस्थाहरु, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरु तथा कम्पनी ऐन २०६३ को अधीनमा रही तयार पारिएको छ ।

२. तयारीको आधार

वित्तीय विवरणहरु नेपाली रूपैँयामा प्रस्तुत गरिएको छ र निकटतम रूपैँयामा परिवर्तन गरी देखाइएको छ । बैंकले अन्यथा उल्लेख गरेबाहेक वित्तीय विवरण एक्रुअल आधारमा लेखाङ्कन गरिएको छ । विदेशी मुद्राको सम्पत्ति र दायित्वलाई नेपाली मुद्रामा परिवर्तन गरेकोमा बाहेक ऐतिहासिक लागतको आधारमा लेखाङ्कन गरिएको छ ।

३. अनुमानहरुको प्रयोग

नेपाल लेखामापदण्डहरु तथा लेखाका सर्वमान्य सिद्धान्तहरु अनुरूप वित्तीय विवरणहरु तयार पार्दा विवरण प्रस्तुत गरेको दिनमा सम्पत्ति र दायित्वको (भैपरी आउने दायित्वसहित) र वर्षभरि आम्दानी खर्च प्रतिवेदन गर्दा केही आवश्यक लेखा अनुमान गरिएका छन् । यसका साथै विभिन्न लेखानीतिहरुको पालना गर्ने क्रममा व्यवस्थापनद्वारा विवेक पनि प्रयोग गर्नुपर्ने आवश्यकता रहन्छ । अनुमान तथा मान्यताहरूको पुनरावलोकन निरन्तर रुपमा गरिन्छ । अनुमानमा हुने परिवर्तनका असरहरुलाई परिवर्तन हुने तथा भविष्यमा हुने असरको आधारमा लेखाङ्कन गरिन्छ ।

४. प्रमुख लेखा नीतिहरु

संलग्न वित्तीय विवरण तयार पार्दा प्रयोग गरिएका मुख्य मुख्य लेखानीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा उल्लेख भएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ ।

५. आयको लेखाङ्कन

बैंकको आय भनेको ब्याज आम्दानी, फि तथा कमिशन, विदेशी विनिमय मुनाफा, कार्डबाट प्राप्त हुने आय, निसर्ग आम्दानी, जोखिम व्यवस्थाबाट फिर्ता आदि रहेका छन् । प्राप्त हुन सक्ने र पैसामा गणना गर्न सकिने आयलाई मात्र लेखाङ्कन गरिएको छ ।

कर्जा तथा सापटीमा बाहेक ब्याज आम्दानी एक्रुअल आधारमा जनाइएको छ ।

नेपाल राष्ट्र बैंकको निर्देशनबमोजिम कर्जा तथा सापटीमा आर्जित आम्दानी नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ ।

ग्यारेन्टीमा प्राप्त भएको कमिशन वार्षिक रुपमा ग्यारेन्टी अवधिभरीको आयको रुपमा लेखाङ्कन गरिएको छ, तर ग्यारेन्टी कमिशन रू. १० हजारभन्दा कम भएमा ग्यारेन्टी जारी भएको बेला आय जनाउने गरिएको छ ।

प्रतितपत्रबाट प्राप्त भएको कमिशन प्रतितपत्र जारी भएको बखत आम्दानी जनाउने गरिएको छ तर Usance LC जारी गरेबापतका कमिशनलाई प्रतितपत्रको अवधिको आधारमा एक्रुअल (Accrual) आधारमा लेखाङ्कन गरिएको छ ।

बट्टामार्फत हुने आय जस्तै बिल्स खरीद, डकुमेन्ट नेगोसिएशन आदिलाई कारोबार गर्दाको बखतमा आय देखाइएको छ ।

अन्य फि तथा कमिशन एक्रुअल आधारमा जनाइएको छ ।

आवासीय कम्पनीले घोषणा गरेको लाभांशलाई सो रकम प्राप्त भएपछि करबाहेकको रकमलाई आय देखाइएको छ । बोनस शेयरको घोषणा गरेकोमा भने आय देखाइएको छैन । बोनस शेयर वापत प्राप्त शेयरको संख्या वित्तीय विवरणको अनुसूची १२(क) मा देखाइएको छ ।

६. ब्याज खर्च

निक्षेप दायित्व तथा अन्य बैंकबाट लिएको सापटीमा तिनुपर्ने ब्याजलाई एक्रुअल (Accrual) आधारमा लेखाङ्कन गरिएको छ ।

७. स्थिर सम्पत्ति, ह्रास कट्टी तथा परीशोधन नीति

१. स्थिर सम्पत्तिहरु ऐतिहासिक मूल्यमा ह्रास कट्टी गरी देखाइएको छ । स्थिर सम्पत्तिलाई खरीद गर्दा तथा सम्पत्तिलाई उपयोगमा ल्याउँदा प्रत्यक्ष रुपमा संलग्न खर्च रकमलाई सम्बन्धीत स्थिर सम्पत्तिको ऐतिहासिक मूल्यमा समावेश गरिएको छ । जग्गा बाहेकका स्थिर सम्पत्तिलाई देहायबमोजिम निर्धारण गरिएको टिकाउ अवधि भित्र समदर विधि अनुसार ह्रास कट्टी गरिएको छ ।

स्थिर सम्पत्तिको प्रकृति	टिकाउ अवधि
भवन	२० वर्ष
धातुका फर्निचर	६ वर्ष
काठका फर्निचर	५ वर्ष
सवारी साधनहरु	७ वर्ष
कम्प्युटर (प्रिन्टरसहित)	४ वर्ष
अफिस सामानहरु	५ वर्ष

२. कर प्रयोजनको लागि आयकर ऐन २०५८ ले निर्दिष्ट गरेअनुसार ह्रासकट्टीको गणना गरिएको छ ।

३. पूँजीकृत गरिएका, पट्टामा लिइएको भवनमा गरिएको निर्माण तथा अन्य खर्चलाई बढीमा दश वर्ष ननाघ्ने गरी पट्टा अवधिमा समानुपातिक रुपमा अपलेखन गरिएको छ ।

४. कम्प्युटर सफ्टवेयर खर्चलाई अन्य सम्पत्तिमा पूँजीकृत गरी, खरीद भएको मितिदेखि बढीमा ५ वर्ष वा सफ्टवेयरको इजाजत अवधिभित्रमा ह्रासकट्टी गरिएको छ ।

५. कार्यालय फर्निसिंङ खर्चहरुलाई अन्य सम्पत्तिमा पूँजीकरण गरी ५ वर्षभित्र अपलेखन हुने गरी ह्रासकट्टी गरिएको छ ।

६. प्रतिएकाई रू. ५,०००/- वा सोभन्दा कम मूल्य पर्ने सम्पत्तिहरुलाई खरीदभएकै वर्षमा खर्च लेख्ने गरिएको छ । तर एकमुष्ठ रुपमा खरीदगरिएका प्रतिएकाई रू. ५०००/- भन्दा कमका सम्पत्तिलाई भने पूँजीकृत गरिएको छ ।

८. पट्टा खर्च

बैंकले गरेका सम्पूर्ण पट्टाहरु संचालन पट्टा हुन् । संचालन पट्टाअन्तर्गत दिएको कुल भुक्तानी नाफा नोक्सान हिसाबको अन्य संचालन खर्चअन्तर्गत मासिक आधारमा खर्च देखाइन्छ ।

९. लगानी

बैंकले ट्रेजरी बिल, नेपाल सरकारको विकास ऋणपत्र र विशेष ऋणपत्रमा लगानी गरेको छ । यस्ता धितोपत्रलाई परल मूल्यमा वा सोमा समावेश प्रिमियम वा छुट समायोजन गरी लेखाङ्कन गरिएको छ । बैंकको लगानीको वर्गीकरण नेपाल राष्ट्र बैंकको निर्देशिकाको आधारमा बिक्रीको लागि उपलब्ध, व्यापारिक प्रयोजनको लागि धारण गरेको र भुक्तानी मितिसम्म धारण गर्ने भनी वर्गीकरण गरिएको छ । लगानीलाई तदनुरुपनै छुट्टै शीर्षकमा देखाइएको छ ।

लगानी खरीद गर्दा बखतका लागतहरु जस्तै दलाल खर्चलाई नाफा नोक्सान हिसाब खातामा खर्च लेखिन्छ । लगानीको पुनर्वर्गीकरण नेपाल राष्ट्र बैंकको निर्देशिकाको आधारमा गरिन्छ ।

१. **व्यापारको लागि धारण गरिएको लगानी :**

अल्पकालिन मूल्यमा भएको घटबढबाट नाफा कमाउने उद्देश्यले गरिएको लगानीलाई यस समूहमा वर्गीकरण गरिन्छ । यस्ता सम्पत्तिको बजारमा नियमित अवलोकन गरिन्छ र कुनै पनि परिवर्तनलाई नाफा नोक्सान खातामा लेखिन्छ ।

२. **भुक्तानी मितिसम्म धारण गर्ने लगानी :**

कुनै पनि लगानी जुन भुक्तानी मितिसम्म धारण गर्ने सकारात्मक सोच तथा क्षमताको साथ धारण गरिन्छ, त्यसलाई यस समूहमा वर्गीकरण गरिन्छ । भुक्तानी मितिसम्म धारण गर्ने सकारात्मक सोच देहायका अवस्थामा आवश्यक पर्दैन:

क. यदि अपरीभाषित समयसम्म धारण गर्ने सोच र क्षमता भएमा,

ख. नदोहोरिने अपवादका अवस्थामा जस्तैः बजार ब्याजदर जोखिममा परिवर्तन, तरलताको आवश्यकता, वैकल्पिक लगानीका अवसरको उपलब्धता र सोको प्रतिफलमा परिवर्तन, वित्तीय स्रोत र विदेशी मुद्राको जोखिममा परिवर्तन, आदि,

३. **बिक्रीको लागि उपलब्ध लगानी :**

माथिका दुई समूहमा वर्गीकृत नभएका सम्पूर्ण लगानीलाई यस समूहमा वर्गीकरण गरिन्छ । यस्ता लगानीको बजार नियमित रुपमा अवलोकन गरिन्छ र परिवर्तनलाई जगेडाको माध्यमबाट समायोजन गरिन्छ । व्यापारको लागि धारण गरिएको र बिक्रीको लागि धारण गरिएको लगानी स्टक एक्सचेन्जमा सूचीकृत नभएको अवस्थामा परल मूल्यको आधारमा लेखाङ्कन गरिएको छ र अन्य लगानीलाई नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार लगानी समायोजनको लागि व्यवस्था गरेर वासलातमा देखाइएको छ । नेपाल राष्ट्र बैंकले स्वीकृति दिएको शेयर बाहेक सबै बिक्रीको लागि धारण गरेको लगानीमा २ प्रतिशतका दरले लगानी समायोजन जगेडा सृजना गरेको छ ।

१०. गैर बैंकिङ्ग सम्पत्ति

बक्यौता कर्जा उठाउने क्रममा, घर जग्गा लिलामीमा संतोषजनक मूल्य प्राप्त नभएमा त्यसलाई बैंकले गैर बैंकिङ्ग सम्पत्तिको रुपमा आफैं सकार्दछ । धितोमा रहको सम्पत्तिलाई गैर बैंकिङ्ग सम्पत्तिको रुपमा कबुल गर्दा नेपाल राष्ट्र बैंकको निर्देशिकाअनुरुप त्यस्तो सम्पत्तिको बजार मूल्य वा कर्जामा बक्यौता साँवा ब्याजको रकममध्ये न्यून रकमलाई आधार मानी लेखाङ्कन गरिएको छ । प्रचलित बजार मूल्यले नखामेको ब्याज रकमलाई ब्याज मुल्तबी हिसाबमा बक्यौता रहेको रकमसँग समायोजन गरिएको छ । पूँजीकृत गरिएको ब्याज रकमलाई छुट्टै गैर बैंकिङ्ग सम्पत्ति ब्याज मुल्तबी हिसाबमा लेखाङ्कन गरिएको छ । त्यस्तो सम्पत्ति बिक्री गर्दा बाँकी साँवा रकमभन्दा बढी प्राप्त हुन आएको रकमलाई आम्दानी बाँधिनेछ । गैर बैंकिङ्ग सम्पत्तिहरुमा सम्भावित कर्जा नोक्सानी व्यवस्था नेपाल राष्ट्र बैंकको निदर्शेन बमोजिम गर्ने गरिएको छ ।

११. **कर्जा, सापट तथा बिल खरिद**

यस शीर्षकमा ग्राहकलाई प्रदान गरिएका प्रत्यक्ष कर्जाहरु पर्दछन् । यस अन्तर्गत अल्पावधि कर्जा, दीर्घावधि कर्जा, उपभोक्ता कर्जा, चालूपूँजी कर्जा तथा प्राथमिकताप्राप्त र विपन्न वर्ग कर्जाहरु रहेका छन् । जुन नेपाल राष्ट्र बैंकको निर्देशिकाको अधीनमा रही जोखिमको आधारमा कर्जा वर्गिकरण गरी एक प्रतिशतदेखि शत प्रतिशतसम्मको कर्जा नोक्सानी व्यवस्था गरिएको छ । उपर्युक्त कर्जा, सापट, अधिविकर्ष र बिल खरीदरकमलाई कर्जा नोक्सानी व्यवस्था घटाई खूद रकम वासलातमा देखाइएको छ । व्यवस्थापनले नेपाल राष्ट्र बैंक निर्देशिकाबमोजिम न्यूनतम व्यवस्थाबाहेक अतिरिक्त नोक्सानी व्यवस्था मनासीब आधारमा तय गरेको छ ।

१२. **कर्जा तथा सापटीको अपलेखन**

नेपाल राष्ट्र बैंकको निदर्शेन, बैंकको कर्जा अपलेखन नीति तथा आयकर ऐन २०५८ को अधीनमा रही उठ्न नसक्ने कर्जाहरुलाई अपलेखन गरिन्छ । अपलेखन गरिएको कर्जामा गरिएको नोक्सानीको व्यवस्था, सो कर्जा अपलेखन गरिएकै मितिमा पुनर्लेखन गरिन्छ । अघिल्ला वर्षहरुमा अपलेखन गरिसकिएका कर्जाहरुबापत भुक्तानी प्राप्त भएमा त्यस्तो रकमलाई नाफा नोक्सान हिसाब खातामा आय लेखिन्छ ।

१३. **कर्मचारी सापटी**

नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार, कर्मचारीलाई दिइने सुविधाअन्तर्गत कर्मचारीलाई दिइएका सापटीलाई अन्य सम्पत्तिअन्तर्गत देखाइएको छ ।

१४. **मसलन्द**

कार्यालय प्रयोजनका लागि खरीदगरिएका मसलन्द स्टकलाई खरीदमूल्यमा लेखाङ्कन गरिएको छ र उपभोग भए अनुसार FIFO आधारमा खर्च लेखिएको छ ।

१५. **विदेशी मुद्रा कारोबार**

वासलातको मितिमा कायम रहेको विदेशी मुद्रामा रहेको सम्पत्ति तथा दायित्वहरुलाई वर्षान्तमा रहेको विनिमय दरको मध्य दर (खरीद+ बिक्रीदर)/२)ले नेपाली मुद्रामा रुपान्तर गरिएको छ । विदेशी विनिमयको खरीदर बिक्री दरबीचको अन्तरबाट भएको आयलाई दैनिक रुपमा विदेशी विनिमय कारोबारबाट भएको व्यापारिक नाफाको रुपमा देखाइएको छ । विदेशी मुद्रामा रहेको सम्पत्ति र दायित्वहरुलाई रुपान्तर गर्दा भएको खूद फरकलाई पुनर्मूल्याङ्कन खर्च वा आम्दानीअन्तर्गत देखाइएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजिम पुनर्मूल्याङ्कन आम्दानीको २५ प्रतिशतले हुने रकम सटही घटबढ कोषमा सारिएको छ ।

फरवार्ड एक्स्चेञ्ज कन्ट्राक्टको प्रिमियम/डिस्काउन्टलाई कारोबार दिनमा अनुसूची २२ अर्न्तगत "विदेशी मुद्रा कारोबार सटही घटबढ आम्दानी/नोक्सान" शीर्षकमा लेखाङ्कन गरिएको छ ।

१६. **अवकाश तथा कर्मचारी सुविधा**

बिदा बापतको तलब

बैंकका कर्मचारीहरुले घर विदा र बिरामी बिदालाई कर्मचारी विनियमावलीमा तोकिएको सीमासम्म संचित गर्न सक्दछन् । उपभोग नगरेको विदा सुविधाबापत कर्मचारी विनियमावलीको अधीनमा रही भुक्तानी गरिन्छ । संचित विदा बापतको रकमलाई एक्रुअल आधारमा नाफा नोक्सान हिसाबमा खर्च लेखिएको छ ।

उपदान

कर्मचारी उपदानबापतको रकमलाई कर्मचारी विनियमावली बमोजिम एक्रुअल आधारमा नाफा नोक्सान हिसाबमा खर्च लेखिएको छ ।

कर्मचारी सञ्चयकोष

कर्मचारी सञ्चयकोष वापतको थप रकम एक्रुअल आधारमा खर्च लेख्ने गरिएको छ । कर्मचारीको कट्टी रकम र बैंकको थप रकमलाई मासिक रुपमा कर्मचारी संचयकोषमा सम्बन्धीत कर्मचारीको खातामा जम्मा गर्ने गरिएको छ ।

१७. आयकर

आयकर खर्चले यस आर्थिक वर्षको आयकर दायित्व र स्थगन करको जोडलाई प्रतिनिधित्व गर्दछ। आयकर व्यवस्था आयकर ऐन २०५८ (संशोधनसहित) बमोजिम गरिएको छ। नाफा नोक्सान हिसाब खातामा खर्च लेखिएका कुनै खर्चहरु पूर्ण वा आंशिक रुपमा आयकर ऐन अनुसार खर्च लेख्न नपाइने हुन सक्छ। त्यसैगरी कुनै आयमा कर छुट पनि हुन सक्दछ। यसर्थ नाफा नोक्सान हिसाब खाताले देखाउने आय र कर योग्य आय फरक हुन सक्दछ। तसर्थ करको गणना गर्ने उद्देश्यले बैंकले छुट्टै करयोग्य मुनाफाको गणना गर्दछ जसमा आयकर ऐनअनुसार आय तथा व्ययलाई समायोजन गरिएको छ।

वित्तीय विवरणअनुसारको सम्पत्ति तथा दायित्वको रकम तथा करका आधारबीच फरक भई सृजना हुने अस्थायी अन्तर (TemporaryDifference) को कारणले भविष्यमा सृजना हुने कर दायित्व तथा सम्पत्तिको लगत राख्ने उद्देश्यले सम्पत्ति तथा दायित्वको आधारमा स्थगन करको लेखाङ्कन गरिएको छ। स्थगन कर सम्पत्ति तथा दायित्व मापन गर्नका लागि जुन वर्षमा अस्थायी अन्तर समायोजन हुन सक्ने सोही वर्षका लागि ऐनद्वारा लागु भइसकेको करको दर वा हालको करको दर लागु हुने अनुमान गरिएको छ। साथै स्थगन कर सम्पत्तिलाई भविष्यमा पर्याप्त करयोग्य आय सिर्जित भई उक्त कर योग्य आयमा समायोजन गर्न सक्ने अनुमान गरी लेखाङ्कन गरिएको छ।

चालु आ.व. को नियमित कर खर्चलाई चालु कर शीर्षकमा करको लागि व्यवस्था गरेर देखाउनुको अतिरिक्त चालु वर्षको स्थगन करलाई पनि स्थगन कर शीर्षकमा नाफा नोक्सान हिसाबमा देखाइन्छ। नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार, स्थगन करको बाँकी मौज्दात रकमलाई स्थगन कर जगेडा रुपमा देखाइन्छ।

१८. संभावित दायित्व

बैंकले आफ्नो विगतको क्रियाकलापको फलस्वरुप वर्तमानमा कुनै दायित्व सृजना हुने भएमा, तथा सोको विश्वसनीय अनुमानसमेत गर्न सकिने भएमा व्यवस्था (provision) को सृजना गरिन्छ। कुनै पनि सम्भावित दायित्व जसले भविष्यमा साधनको बहिर्गमन सृजना गर्न सक्दछ, त्यसको लागि संभावित दायित्वको लेखाङ्कन गरिन्छ। तर संभावित दायित्व जसले भविष्यमा कुनै पनि दायित्व सृजना गर्न सक्ने अवस्था अत्यन्त न्यून छ, सोको लागि कुनै पनि व्यवस्था गरिएको छैन।

प्रत्येक वासलात बनाउने मितिमा व्यवस्थाहरुको पुनरावलोकन तथा समायोजन गरिन्छ ताकि यसले हालको सही अनुमानलाई प्रतिविम्बित गरोस्। यदि संभावित दायित्वको लागि कुनै पनि व्यवस्था गर्न आवश्यक नभएमा व्यवस्थालाई उल्टाइन्छ।

संभावित सम्पत्तिको वित्तीय विवरणहरुमा लेखाङ्कन गरिदैंन तर यसको नियमित रुपमा मूल्याङ्कन गरिन्छ र यदि कुनै आर्थिक साधनको प्राप्ति हुने सुनिश्चित भएमा सम्पत्ति तथा सम्बन्धीत आयको लेखाङ्कन सोही परिवर्तन भएकै मितिमा गरिन्छ।

अनुसूची ३३

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

लेखा सम्बन्धी टिप्पणीहरु

१. चुक्ता पूँजीको विवरण

आर्थिक वर्ष	कुल चुक्ता पूँजी	कैफियत
२०६३/६४	५६०,०००,०००	संस्थापक समूहको शेयर पूँजी लगानी भएको
२०६४/६५	५६०,०००,०००	परिवर्तन नभएको
२०६५/६६	१,०००,०००,०००	थप रू. १४ करोड संस्थापक समूहको र रू. ३० करोड साधारण समूहको शेयर पूँजी वृद्धि
२०६६/६७	२,०००,०००,०००	१:१ हकप्रद शेयर जारी गरी पूँजी वृद्धि भएको
२०६७/६८	२,१००,०००,०००	५ प्रतिशत बोनस शेयर वितरण गरेपछि शेयर पूँजी वृद्धि भएको
२०६८/६९	२,१०१,८४०,०००	बोनस शेयर वितरण गर्दा संस्थापक तथा सर्वसाधारणको अनुपात मिलाउन थप संस्थापक शेयर जारी गरी पूँजी वृद्धि भएको
२०६९/७०	२,१०१,८४०,०००	परिवर्तन नभएको
२०७०/७१	२,३७५,०७९,२००	चुक्ता पूँजीको १३% बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गरेपछि
२०७१/७२	२,५५४,३६१,५१४	२ वटा "ग" वर्गका संस्थाहरू प्राप्ति र खण्डिकृत शेयर समायोजन पश्चात पूँजी वृद्धि भएको
२०७२/७३	४,४०१,३१५,३७९	प्रस्तावित बोनस शेयर तथा १०:५.५ हकप्रद शेयर अन्तर्गतको कल इन एडभान्स समेत

२. लगानी

आ.व. २०७२/७३ को लगानीको संक्षेप विवरण निम्न बमोजिम रहेको छ :

विवरण	बर्गीकरण	रकम रु	लगानी समायोजन कोष रु.	कुल लगानी रु.
साधारण शेयरमा लगानी	बिक्रीको लागि उपलब्ध	१०६,८०१,१२८	१७,६१६,०००	८९,१८५,१२८
ट्रेजरी बिलमा लगानी	भुक्तानी मितिसम्म धारण गर्ने लगानी	१,३४३,४६१,६११		१,३४३,४६१,६११
सरकारी बण्डमा लगानी	भुक्तानी मितिसम्म धारण गर्ने लगानी	३,९७०,२००,०००		३,९७०,२००,०००
ने.रा.बैंक ऋणपत्र	भुक्तानी मितिसम्म धारण गर्ने लगानी	१,०८१,०२५,०००		१,०८१,०२५,०००
माग तथा अल्प सूचनामा प्राप्त हुने	भुक्तानी मितिसम्म धारण गर्ने लगानी	९७६,५४९,१७४		९७६,५४९,१७४
कुल लगानी		७,४७८,०३६,९१३	१७,६१६,०००	७,४६०,४२०,९१३

३. पूँजी फिर्ता जगेडाकोष

नेपाल राष्ट्र बैंकको निर्देशन १६/०६९ को दफा ५ को व्यवस्था बमोजिम ईजाजतपत्र प्राप्त संस्थाहरूले आफ्नो ऋणपत्र दायित्व वापत पूँजी भुक्तानी कोषको व्यवस्था गर्नुपर्दछ । नेपाल राष्ट्र बैंकको मिति २०७० /०९/०१ को स्वीकृति पत्र मार्फत रू. ५० करोडको ऋणपत्र निष्काशन गरेको थियो । बैंकले ऋणपत्र निष्काशन गरेको तेस्रो वर्ष देखि प्रत्येक वर्ष २०% का दरले ऋणपत्र भुक्तानी जगेडा कोष खडा गर्नुपर्नेमा पौष ३१ २०७२ देखि सो व्यवस्था अनुरूप रू.१० करोड ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तर गरिएको छ ।

४. सि.वि.आई.एल क्यापिटल लि.मा लगानी बाट प्राप्त पूँजी जगेडा कोष

बैंकले मर्चेन्ट बैंकिङ्ग व्यवसाय गर्नको लागि रू.१० करोड चुक्ता पूँजी भएको कम्पनीमा रू.६ करोड ७० लाख लगानी गरी सि.वि.आई.एल क्यापिटल लि.नामक एक सहायक कम्पनी स्थापना गरेको छ । जारी पूँजी मध्ये ६७ प्रतिशत बैंकको लगानी रहेको कम्पनीमा लगानीबाट श्रृजना भएको पूँजीगत लाभको विवरण निम्न बमोजिम रहेको छ :

विवरण	किताबी मुल्य (रु.)	फेयर मुल्य १३/०३/२०१६(रु.)
सम्पत्ति		
स्थिर सम्पत्ति	५५,५००	५५,५००
लगानी		
मुद्दती निक्षेप	१९,०००,०००	१९,०००,०००
शेयरमा लगानी	१५,३२०,३८२	१५,४५६,६९६
नगद मौज्दात	६,१५८	६,१५८
बैंक मौज्दात	६७,३१२,९११	६७,३१२,९११
स्थगन कर सम्पत्ति	५२,३००	५२,३००
चालु सम्पत्ति, कर्जा तथा सापट	३,०३६,६७०	३,०३६,६७०
व्यापारिक तथा अन्य पाउनु पर्ने हिसाब	३७५,७४५	३७५,७४५
कुल सम्पत्ति		**१०५,२९५,९८०**
दायित्व		
चालु दायित्व तथा व्यवस्था	९९३,७०७	९९३,७०७
व्यवस्था	१,१११,४५५	१,१११,४५५
कुल दायित्व		**२,१०५,१६२**
कुल सम्पत्ति (-) कुल दायित्व		**१०३,१९०,८१८**
बैंकको हिस्सा (कुल चुक्ता पूँजीको ६७ %)		६९,१३७,८४८
सहायक कम्पनीमा बैंकको लगानी		६७,०००,०००
पूँजी जगेडा कोष		**२,१३७,८४८**

५. ब्याज आम्दानी लेखाङ्कन सम्बन्धमा

ब्याजलाई नगद प्राप्तिको आधारमा मात्र आम्दानी जनाइएको छ र असुल उपर हुन बाँकी पाकेको ब्याज रकमलाई ब्याज मुल्तबी खातामा लेखाङ्कन गरिएको छ । आषाढ महिनासम्म पाकेको ब्याज वर्षान्तपछिको साउन १५ गते भित्र प्राप्त भएमा सो रकमलाई आम्दानी जनाउन पाउने नीति रहेतापनि चालु आ.व. मा वर्षान्तपछि प्राप्त भएका ब्याजहरूलाई आम्दानी जनाइएको छैन ।

६. वासलात मिति पछिका घटनाहरु

नेपाल राष्ट्र बैंकको मिति २०७३ आषाढ २० गतेको अन्तिम स्वीकृति पत्र वि.नि.वि/मर्जर-३१९/०७२/०७३ अनुसार यस बैंकले प्रिमियर फिनान्स लिमिटेडलाई प्राप्त गरि मिति २०७३/४/०२ देखि संयुक्त कारोबार सुरू गरेको छ । प्रिमियर फिनान्स लिमिटेडको यस प्राप्तिबाट बैंकलाई यस आ.व.मा कुनै किसिमको आर्थिक दायित्व परेको छैन ।

७. चालु आ. व. २०७२।०७३ प्रस्तावित बोनस शेयर

संचालक समितिले यस आ. व. २०७२।०७३ मा रू. ७५०,६७५,७६२/- बराबर बोनस शेयर प्रस्ताव गरेको छ ।

८. चालु आ. व. २०७२।०७३ को लागि प्रस्तावित नगद लाभांश

संचालक समितिले यस आ. व. २०७२।०७३ मा रू. ३९,५०९,२५१/- बराबरको नगद लाभांश प्रस्ताव गरेको छ ।

९. आ.व. २०७१/७२ सम्ममा लाभांश घोषणा भएको तर शेयरधनीले बुझिलिन बाँकी रहेको लाभांशको रकमः

आषाढ ३१, २०७३ सम्म शेयरधनीहरूले लिन बाँकी रहेको लाभांश रकमको विवरण तल लेखिए बमोजिम छ :-

आर्थिक वर्ष ०६५/६६ को	२,६५१,६५५
आर्थिक वर्ष ०६६/६७ को	४,०७१,१०९

आर्थिक वर्ष ०६७/०६८ को	३,०९१,८५१
आर्थिक वर्ष ०६८/०६९ को	६,७१७,५३६
आर्थिक वर्ष ०६९/०७० को	१३,५३७,६६८
आर्थिक वर्ष ०७०/०७१ को	७,५५२,३१६
आर्थिक वर्ष ०७१/०७२ को	६,७२५,९८६
आर्थिक वर्ष ०६६/६७ नेपाल हाउजिङ एण्ड मर्चेन्ट फाइनान्स लिमिटेडको	२४३,१०४
आर्थिक वर्ष ०६७/०६८ नेपाल हाउजिङ एण्ड मर्चेन्ट फाइनान्स लिमिटेडको	१४८,१७९
आर्थिक वर्ष ०६६/६७ पिपल्स फाइनान्स लिमिटेडको	१,३७९,९१८
आर्थिक वर्ष ०६०/६१ र ०६१/६२ पिपल्स फाइनान्स लिमिटेडको	४८१,७७०

१०. साधारण जगेडा कोष

बैंक तथा बित्तीय संस्थासम्बन्धी ऐन २०६३ को दफा ४४ अनुसार चालु आ.व. को मुनाफाको २० प्रतिशत रकम रू २१६,०७५,५०० लाई साधारण जगेडा कोषमा सारिएको छ ।

११. विनिमय घटबढ जगेडा कोष

चालु आ.व. २०७२/७३ मा विदेशी मुद्रा विनिमय पुनर्मुल्याङ्कन आम्दानीबाट २५% ले हुने रू ९,६२२,९१४ लाई नाफा नोक्सान बाँडफाँड कोषमा सारिएको छ ।

१२. आयकर

आयकर वापत करयोग्य आयको ३० प्रतिशत खर्च व्यवस्था गरिएको छ । यस आ.व. २०७२/७३ मा बैंकले आयकर वापत रू. ४२०,०००,००० र विभिन्न भुक्तानीमा कर कट्टी गरी रू. २१४,७६०,९०५ ठूला करदाता कार्यालयमा जम्मा गरेको छ ।

यस आ.व.मा कर कार्यालयले आ.व. २०६८/०६९ को कर लेखापरीक्षण सुरू गरेको छ । यसैगरी यस आ.व.मा कर कार्यालयले साविकको नेपाल हाउसिङ्ग एण्ड मर्चेन्ट फाईनान्स लिमिटेडको आ.व. २०६८/६९ को संशोधित कर निर्धारण गरी थप आयकर रू. ३,४४६,६९३.६५ को दावी गरेको थियो । सो संशोधित कर निर्धारण विरूद्ध बैंकले प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिएको छ । यसैगरी यस आ.व.मा कर कार्यालयले बैंकको आ.व. २०६७/६८ को कर लेखापरीक्षण सम्पन्न गरी थप आयकर रू. २,८८५,७२८.९३ को दावी गरेको छ र पिपल्स फाईनान्सको आ.व. २०६७/०६८ को कर लेखापरीक्षण सम्पन्न गरी थप आयकर रू. २१,००२,२५५.३० को दावी गरेको छ । यी दुवै संशोधित कर निर्धारणको दावी विरूद्ध बैंकले प्रशासकीय पुनरावलोकनमा निवेदन चढाएको अवस्था छ ।

बैंकको आ.व. २०६५/६६ र आ.व. २०६६/६७ साथै साविकको पिपल्स फाईनान्स लिमिटेडको आ.व. २०५१/५२, आ.व. २०५५/५६, आ.व. २०५६/५७ र आ.व. २०६५/६६ का विवादित कर तथा श्रोतमा करकट्टी दावी श्री सम्मानीत कर फछ्यौट आयोगसँग सहमति बमोजिम एकमुष्ठ रू. १२,१००,००० मा फछ्यौट गरिएको छ ।

त्यस्तै उल्लेखित आ.व. २०६३/०६४ र २०६४/०६५ संशोधित कर निर्धारण विरूद्धको मुद्दा हाल सर्वोच्चमा विचाराधिन रहेको छ । उक्त वर्षहरूको विवादित कर रकम रू. ७,१३६,९७७ रहेको छ ।

बैंकले विवादित कर रकमको तिर्न बाँकी मौज्दात रू. ३३,३६९,३३१ लाई अनुसूची १७ मा संभावित दायित्वको रूपमा देखाएको छ ।

क. आयकरको गणना

विवरण	रकम	चालु आ ब को रकम रु
कर अघिको मुनाफा		१,५३८,८६३,९९६
३० प्रतिशतले आयकर		४६१,६५९,१९९
समायोजित खर्चहरु		

ह्रास खर्च तथा परिशोधन खर्च	५,७७४,३५८	
उपदान तथा विदा खर्चको व्यवस्था	२४,३७०,१४०	
रू. ५००० सम्मको पूँजीगत खर्च	१,५२४,३९९	
पूँजीकृत गरिएको (आयकर प्रायोजनको लागि मात्र)	१,३३८,५७६	
अन्तिम रूपमा कर कट्टी भएको लाभांशसँग सम्बन्धित कर्मचारी बोनस	६७,१७७	
जम्मा समायोजित खर्चहरु तथा ३०% ले आयकर	**३३,०७४,६५०**	**९,९२२,३९५**
समायोजित आम्दानीहरु		
गैर बैंकिङ्ग सम्पत्ति तथा कर्जाको व्यवस्था	४,३३१,१८१	
सम्पत्ति बिक्रीबाट भएको मुनाफा	४०२,२८६	
लाभांश आम्दानी	६७१,७६९	
नेपाल हाउजिङ्ग र पिपल्स फाईनान्सको कट्टी हुन नपाएको नोक्सानी	१८,६५६,३४५	
आम्दानीहरु तथा सोमा लाग्ने ३०% ले आयकर	२४,०६१,५८१	७,२१८,४७४
समायोजनपछिको आयकर (क)		४६४,३६३,१२०
आयकर ऐन २०५८ को दफा ११८ बमोजिमको ब्याज (ख)		४६३,९०२
अघिल्लो अवधिको कर खर्च तथा व्यवस्था (ग)		
स्थगन कर खर्च (घ)		(६,३४०,५२३)
जम्मा आयकर खर्च (क+ख+ग+घ)		४५८,४८६,४९९

ख. स्थगन कर

अस्थायी फरकमा ३०% कर दरले स्थगन करको गणना गरिएको छ। स्थगन कर सम्पत्ति शीर्षकअन्तर्गतका विवरण र तिनका हिसाब तल लेखिएअनुसार छन्।

रू हजारमा

विवरण	लेखाको आधार	करको आधार	फरक	मौज्दात २०७३ असार	मौज्दात २०७२ असार	यस वर्षको स्थगन आय
स्थिर सम्पति	१,१०७,८४७,३७३	१,११३,६९९,२७६	४५,८५१,९०३	१३,७५५,५७१	९,२३६,५५९	४,५१९,०१२
उपदान व्यवस्था	३१,७८३,३७२		३१,७८३,३७२	९,५३५,०१२	४,९९५,६१५	४,५३९,३९७
संचित विदा व्यवस्था	४९,९९९,९४२		४९,९९९,९४२	१४,९९९,९८३	१२,२२८,३३८	२,७७१,६४५
कर्जा नोक्सानी व्यवस्था						
गैर बैकिङ्ग सम्पत्तिको व्यवस्था						
कट्टी हुन नपाएको नोक्सानी		९३,२८१,७२५	९३,२८१,७२५	२७,९८४,५१८	३३,४७४,०४९	(५,४८९,५३१)
जम्मा	१,१८९,६३०,६८७	१,२४६,९८१,००१	२२०,९१६,९४२	६६,२७५,०८४	५९,९३४,५६१	६,३४०,५२३

१३. उपदान तथा संचित विदा वापतको व्यवस्था

बैंकले चालु आ.व. मा रू. ४७,७७०,३०४ उपदान तथा संचित विदा वापतको खर्चको लागि व्यवस्था गरेको छ। Actuary Valuator JB Boda & Associates, Mumbai द्वारा बैंकले उपदान तथा संचित विदा वापतको खर्चको मूल्याङ्कन गरी आवश्यक व्यवस्था गरेको छ।

रू हजारमा

विवरण	उपदान	संचित बिदा	जम्मा रकम रु
शुरू मौज्दात	१६,६५२	४०,७६१	५७,४१३
यस वर्षको थप	१५,१३१	९,२३९	२४,३७०
यस वर्षको भुक्तानी	(७१५)	(७,७४४)	(८,४५९)
यस वर्षको लगानी			
अषाढ ३१, २०७३ सम्मको मौज्दात	३१,७८३	५०,०००	८१,७८३

१४. कर्मचारी बोनसको लागि व्यवस्था

बोनस ऐन २०३० बमोजिम बोनसपछिको नाफामा १० प्रतिशतले बोनसको गणना गरिएको छ। चालु आ.व. मा रू. १५३,८८६,४०० कर्मचारी बोनसकोलागि व्यवस्था गरिएको छ।

१५. कर्मचारी आवासको व्यवस्था

सेवाको शर्त अनुसार कर्मचारीहरूलाई आवास कर्जाको व्यवस्था गरिएको छ। त्यसैले श्रम ऐन २०४९ बमोजिम कर्मचारीको लागि छुट्टै आवास कोष खडा गरिएको छैन।

१६. स्थिर सम्पत्ति, ह्रास तथा अपलेखन

क. यस वर्षको ह्रास खर्च रू. ५६,३३५,५३० रहेको छ। कम्प्युटर सफ्टवेयर र अफिस फर्निसिङ खर्चलाई खरीद भएको मितिदेखि बढीमा ५ वर्ष वा सफ्टवेयरको इजाजत अवधिभित्रमा अपलेखन गरिने गरी ह्रास खर्च लेखिएको छ।

ख. पूँजीकृत गरिएको, पट्टामा लिइएको भवनमा गरिएको निर्माण तथा अन्य खर्चलाई बढीमा दश वर्ष ननाघ्ने गरी पट्टा अवधिमा समानुपातिक रुपमा अपलेखन गरिएको छ। यस आ.व. २०७२/७३ मा रू. १९,०४३,२८७ अपलेखन गरी खर्च लेखिएको छ र रू. ७४,६००,११० अपलेखन हुन बाँकी छ।

ग. स्थिर सम्पत्ति बिक्रीबाट भएको नाफा रू. ४०२,२८५.७६ र गैर बैंकिङ्ग सम्पति बिक्रीबाट भएको नाफा रू. ९०,०३८,१३३.९४ लाई अनुसूची २५ मा देखाइएको छ।

१७. (क) समीक्षा वर्षमा भएको कर्जा प्रवाह, कर्जा असुली, मिनाह गरिएको साँवाको विवरण

रू हजारमा

विवरण	रकम
`२०७२ श्रावण १ शुरुको मौज्दात	२९,१९९,९०८
यस वर्षको कर्जा प्रवाह	३६,७९९,०७७
यस वर्षको कर्जा असुली	(२५,४३३,१६३)
यस वर्षको कर्जा अपलेखन	-
`२०७३ आषाढ ३१ अन्तिम मौज्दात	४०,५६५,८२२

१७. (ख). **समीक्षा वर्षमा भएको असुल गर्न बाँकी ब्याज, ब्याज असुली, मिनाह गरिएको व्याजको विवरण**

रू हजारमा

विवरण	रकम
`२०७२ श्रावण १ शुरुको मौज्दात	२०६,५३४
यस वर्षको पाकेको ब्याज	(३,२८२,४१७)
यस वर्षको ब्याज असुली	३,२८१,३६५
यस वर्षको अपलेखनहरू	२३,११०
`२०७३ आषाढ ३१ अन्तिम मौज्दात	२२८,५९२

यस आ.व. को जम्मा असुल गर्न बाँकी ब्याज रू. ३२.८२ करोड NAS 07 अर्न्तगत आम्दानी जनाउनु पर्नेमा, नेपाल राष्ट्र बैंकको निदर्शेन बमोजिम बैंकले नगद प्राप्तिको आधारमा नाफा नोक्सान हिसाबमा ब्याज आम्दानी जनाएको छ । तसर्थ रू. १०.५२ लाखले कम लेखाङ्कन गरी नाफा नोक्सान हिसाबमा ब्याज आम्दानी देखाइएको छ ।

१८. **ऋण तथा सापटीमा भएको परिवर्तनको सारांश**

रू हजारमा

विवरण	यस वर्ष	गत वर्ष	परिवर्तन
ऋण तथा सापटी	४०,४३९,२१४	२९,१०१,३१३	३८.९६%
बिल खरीद तथा डिस्काउण्ट	१२६,६०८	९८,५९५	२८.४१%
उठ्न बाँकी ब्याज	२२८,५९२	२०६,५३४	१०.६८%

१९. **निक्षेप दायित्वमा भएको परिवर्तन**

रू हजारमा

विवरण	यस वर्ष	गत वर्ष	परिवर्तन
चल्ती तथा मार्जिन खाता	१,६७२,०४२	१,२९०,९०४	२९.५२%
बचत खाता	९,६८४,५६७	७,५६८,६२८	२७.९६%
मागेको बखत पाइने निक्षेप (कल)	१०,०९७,५८७	७,७९९,९१८	२९.४६%
मुद्दती खाता	२५,९३९,३०५	१९,१२२,६९९	३५.६५%
निक्षेपमा तिर्न बाँकी ब्याज	२८,२७९	२४,७५०	१४.२६%

२०. **भारीत औषत ब्याज दर (नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम)**

रू हजारमा

विवरण	दर
कर्जा र लगानीको औसत ब्याजदर	८.०९%
निक्षेपको औसत ब्याजदर	४.४१%
खूद ब्याजदर अन्तर	३.६८%

२१. **अधिकेन्द्रित कर्जा र निक्षेपको विवरण**

रू हजारमा

विवरण	कर्जा	निक्षेप	वासलात बाहिरको
२०७२ आषाढ मसान्तमा बाँकी	४०,५६५,८२१	४८,५१२,५४७	१६,७४०,७७८
एक इकाइमा अधिकेन्द्रित	८५३,८३०	२,८७६,८०३।६५	२६७,९३१
एक इकाइमा अधिकेन्द्रित प्रतिशतमा	२.१०%	५.९३%	१.६०%
प्राथमिक पूँजी	५,१२१,२९८		

२२. भुक्तानी अवधिको आधारमा सम्पत्ति दायित्वको वर्गीकरण

रू हजारमा

	विवरण	१-७ दिन	८-३० दिन	३१-९० दिन	९१-१८० दिन	१८१-२७० दिन	२७१-३६५ दिन	१ वर्षभन्दा माथि	जम्मा
सम्पत्ति									
१	नगद मौज्दात	१,८८४,३६१							१,८८४,३६१
२	बैंक तथा वित्तीय संस्थामा रहको मौज्दात	४,००८,८३३							४,००८,८३३
३	विदशी बैंकमा गरिएको लगानी	२४७,४४९		५३,६५०	१०७,३००	४२९,२००	३४४,२८४		१,१८१,८८३
४	माग तथा अल्प सूचनामा प्राप्त हुने रकम								
५	सरकारी सुरक्षणपत्र			२३८,७६४	८६७,२४३		१,३१८,४७९	३,९७०,२००	६,३९४,६८६
६	नेपाल राष्ट्र बैंकको ऋणपत्र								
७	अन्तर बैंक तथा वित्तीय संस्था कर्जा				३०,०४४	१२,०७१			४२,११५
८	कर्जा तथा सापट	५६९,९८५	१,७३३,१६९	४,०३४,१७७	५,५२५,०४५	७,३१०,७६५	६,२२१,६१६	१५,१७१,०६३	४०,५६५,८२०
९	पाउन पर्नु ब्याज	१६०,७१२	१२८	२,६१६	१३,५७९	१,०३७	२,१५७	७४,५८४	२५४,८९३
१०	रिभर्स रिपो								
११	प्रतिवद्धता अन्तर्गत अन्य संस्थाहरूबाट प्राप्त हुने								
१२	क्र.सं २०,२१ र २२ का सुविधाहरूको भुक्तानी	१,८६८,५५३	१,१६०,०५०	१,७५८,६७०	३,७४१,३१५	२,८४४,४६२	४,७५६,७२१	५३५,२८२	१६,६६५,०५३
१३	अन्य	३१६,४९३	४२,२४६	२३६,१६८			१,०४५	१,२८६,१७७	१,८८२,१२९
कुल सम्पत्ति		९,०५६,३८६	२,९३५,५९३	६,३२४,०४५	१०,२८४,५२६	१०,५९७,५३५	१२,६४४,३०२	२१,०३७,३०६	७२,८७९,६९३
दायित्व									
१४	चल्ती निक्षेप	८३,६०२	२५०,८०६	१६७,२०४	४१८,०१०	४१८,०१०	३३४,४०८		१,६७२,०४०
१५	बचत निक्षेप (मागेको बखत पाइने निक्षेप) समेत	३,००८,६२५	३,४९२,८५४	१,९७८,२१५	२,९८७,९७४	१,४९३,९८७	१,४९३,९८७	५,३२६,५१२	१९,७८२,१५४
१६	मुद्दती निक्षेप	७७०,४५४	१,६१८,९२७	३,०४१,६३१	५,३९९,५९२	४,७७४,८०३	८,९४३,८३६	१,३९०,०६१	२५,९३९,३०४
१७	ऋणपत्रहरू							५००,०००	५००,०००
१८	सापटी	१,११३,२५७	३,०३९				२,७५०		१,११९,०४६
१९	अन्य दायित्व तथा व्यवस्थाहरू	४६८,९९३			१५३,८८६			८१,७८३	७०४,६६२
२०	प्रतिवद्धता अन्तर्गत अन्य संस्थाहरूबाट प्राप्त हुने	४६,०६९	१५२,९६५	२७०,२८९	२८,००५		१३,१९१		५१०,५१९
२१	उपभोग भैनसकेको स्वीकृत सुविधाहरू	१,२७५,७९१	६३७,८९५	६३७,८९५	३,१८९,४७७	२,५५१,५८२	४,४६५,२६८		१२,७५७,९०८
२२	प्रतिपत्र/जमानत (खुद)	५४६,६९३	३६९,१९०	८५०,४८६	५२३,८३३	२९२,८८०	२७८,२६२	५३५,२८२	३,३९६,६२६
२३	रिपो								
२४	क्र.सं. ११ अन्तर्गतको सुविधाको भुक्तानी								
२५	अन्य							६,२७५,१६३	६,२७५,१६३
कुल दायित्व		७,३१३,४८४	६,५२५,६७६	६,९४५,७२०	१२,७००,७७७	९,५३१,२६२	१५,५३१,७०२	१४,१०८,८०१	७२,६५७,४२२
खुद सम्पत्ति		१,७४२,९०२	(३,५९०,०८३)	(६२१,६७५)	(२,४१६,२५१)	१,०६६,२७३	(२,८८७,४००)	६,९२८,५०५	२२२,२७१
सञ्चित खुद सम्पत्ति		१,७४२,९०२	(१,८४७,१८१)	(२,४६८,८५६)	(४,८८५,१०७)	(३,८१८,८३४)	(६,७०६,२३४)	२२२,२७१	

सप्पत्ति तथा दायित्व वर्गिकरणका आधारहरु तल लेखिए बमोजिम रहेका छन् :

क. निक्षेप दायित्वहरूको वर्गिकरणको आधार

	१ देखि ७ दिन	८ देखि ३० दिन	३१ देखि ९० दिन	९१ देखि १८० दिन	१८१ २७० दिन	२७१ देखि ३६५ दिन	१ वर्षभन्दा माथि
चल्ती खाता मा रहेको निक्षेपको वर्गिकरण	५%	१५%	१०%	२५%	२५%	२०%	
बचत खाता मा रहेको निक्षेपको वर्गिकरण	२५%	२५%	१०%	२०%	१०%	१०%	
कल डिपोजिट	५%	१०%	१०%	१०%	५%	५%	५५%
अपरिवर्त्य कर्जा प्रतिबद्धता	१०%	५%	५%	२५%	२०%	३५%	

ख. मसलन्द, विविध आसामीहरू, स्थगन कर सम्पत्ति, सुरक्षण धरौटी, सुन/चाँदीलाई १ देखि ७ दिनसम्म र अन्य सम्पत्तिहरूलाई १ वर्षभन्दा माथि भुक्तानी अवधिमा वर्गीकरण गरिएको छ ।

ग. कर्मचारी संचयकोष, विविध साहुहरू, भुक्तानी गर्नुपर्ने बिलहरू, बुझिलिन बाँकी लाभांश, लेखापरीक्षण शुल्क, अग्रीम कर कट्टी तथा खर्चहरूको व्यवस्थालाई १ देखि ७ दिनसम्म र अन्य दायित्वहरूलाई १ वर्षभन्दा माथि भुक्तानी अवधिमा वर्गीकरण गरिएको छ ।

घ. तिर्नुपर्ने ब्याजहरूलाई भुक्तानी मिति वा ३० दिनसम्ममा जुन पहिले हुन्छ सोही अवधिमा वर्गीकरण गरिएको छ ।

ङ. कर्जा नोक्सानी व्यवस्था, ह्रास खर्च तथा ब्याज मुल्तबी रकमलाई १ वर्षभन्दा माथि समयावधिमा वर्गीकरण गरिएको छ ।

च. कर्मचारीहरूको ऋण तथा पाउनु पर्ने ब्याजलाई भुक्तानी मिति वा ३० दिनसम्ममा जुन पहिले हुन्छ सो अवधिमा वर्गीकरण गरिएको छ ।

२३. संस्थाले आफ्नो सम्पतिको धितोमा लिएको ऋणको विवरण

नभएको ।

२४. गैर बैकिङ्ग सम्पत्तिको विवरण

रू हजारमा

विवरण	रकम
२०७२ अषाढ ३१ को मौज्दात	६६३,५१६
यस वर्षको थप	२७,३७७
यस वर्षको निसर्ग	३१०,६४८
२०७३ अषाढ ३१ को मौज्दात	३८०,२४५

२५. कल्स इन एडभान्स, कल्स इन एरिएर र जफत गरिएको तर पुनः जारी गर्न बाँकी शयरको विवरण

बैंकले यस आं वं २०७२/७३ मा १००:५५ हकप्रद शेयर जारी गरे अर्न्तगत कल इन एडभान्स वापत कूल रू ५८५,४०५,८०० जम्मा गरेको छ ।

२६. पूँजीकृत गरिएका, पट्टामा लिइएका भवनमा गरिएका निर्माण खर्चहरुको परिशोधनको विवरण

रू हजारमा

विवरण	गत वर्षसम्मको	यस वर्षको	यस वर्षसम्मको परिशोधन
लिजमा लिइएको सम्पति	८४,७५६	१९,०४३	१०३,७९९

२७. हिसाब मिलान गर्न बाँकी खाताहरुको समय अबधिको आधारमा विवरण

क. अन्तर शाखा कारोबार

यस आ. व. को अन्तिममा हिसाब मिलान गर्न बाँकी कुनै अन्तरशाखा कारोबार छैन ।

ख. नेपाल राष्ट्र बैंक

रू हजारमा

समय अबधि	लेजर डेबिट	लेजर क्रेडिट	स्टेटमेण्ट डेबिट	स्टेटमेण्ट क्रेडिट
१ महिना भन्दा कम		९,७४०		१००,०००
१ देखी ३ महिनासम्म		५३		
३ देखी ६ महिनासम्म		२०		
६ देखी १२ महिनासम्म		५३		
१ देखी २ वर्षसम्म				

ग. अन्य वित्तीय संस्थाहरु

रू हजारमा

समय अबधि	लेजर डेबिट	लेजर क्रेडिट	स्टेटमेण्ट डेबिट	स्टेटमेण्ट क्रेडिट
१ महिना भन्दा कम	७,३६१	५७१	३,५२७	२५९
१ देखी ३ महिनासम्म				
३ देखी ६ महिनासम्म				
६ देखी १२ महिनासम्म				
१ देखी २ वर्षसम्म				

घ. बिदेशी बैंकहरु

रू हजारमा

समय अबधि	लेजर डेबिट	लेजर क्रेडिट	स्टेटमेण्ट डेबिट	स्टेटमेण्ट क्रेडिट
१ महिना भन्दा कम		५२,८९९		२,७१२
१ देखी ३ महिनासम्म		२,६७८		
३ देखी ६ महिनासम्म		९१३		२
६ देखी १२ महिनासम्म		१५३		
१ देखी २ वर्षसम्म				

२८. सम्बन्धित पक्षहरुसँगको कारोवार विवरण

क. बैंकका व्यवस्थापनका मुख्य व्यक्तिहरु तल लेखिए बमोजिम रहनुभएको छ ।

डा. शंकर प्रसाद शर्मा	अध्यक्ष
श्री बालकृष्ण प्रसाई	संचालक
श्री मनोहर दास मुल	संचालक
श्री प्रकाश चन्द्र मैनाली	संचालक
श्री पबित्र कुमार कार्की	संचालक
श्री विजय ध्वज कार्की	संचालक
डा. चन्दा कार्की	संचालक
श्री चन्द्र टन्डन	संचालक
श्री राजन सिंह भण्डारी	प्रमुख कार्यकारी अधिकृत

ख. बैक र संचालकहरुबीच भएको कारोबारको विवरण

विवरण	रकम रु
बैठक भत्ता	२,४४०,०००
अन्य खर्च	१,२५४,७५९

ग. बैंकका प्रमुख कार्यकारी अधिकृत तथा अन्य पदाधिकारीलाई दिइएको सुविधाको विवरण

रू हजारमा

विवरण	प्रमुख कार्यकारी अधिकृत	अन्य पदाधिकारी
१. अल्पकालीन रोजगार अवधिका सुविधाहरू		
क. तलब	६,९२६	९,६४८
ख. भत्ता	४,५३४	११,९१५
ग. संचयकोष	६९३	७३०
घ. कर्मचारी बोनस	५,४५१	८,४१८
ङ. संचित विदा वापतको भुक्तानी		१,०२०
च. कर्मचारी कल्याणकारी कोष	१,२२१	१,३६२
कूल रोजगार अवधिका सुविधाहरु	**१८,८२५**	**३३,०९३**
(-) आयकर भुक्तानी	६,१६४	७,३०८
खुद रोजगार अवधिका सुविधाहरु	**१२,६६१**	**२५,७८५**
२. टेलिफोन खर्च	बैंक सँग भएको करार अनुरूप	कर्मचारी सेवा नियमावली अनुरूप
३. रोजगार अवधिपश्चातका सुविधाहरू	नभएको	नभएको
४. अन्य दीर्घकालिक सुविधाहरू	नभएको	नभएको
५. अवकाश सुविधा	नभएको	भएको
६. शेयरमा आधारित सुविधा	नभएको	नभएको

नोटः

१. व्यवस्थापन समूह भन्नाले व्यवस्थापक वा सोभन्दा माथिल्लो तहलाई जनाउँछ ।

२. प्रमुख कार्यकारी अधिकृतलाई कर्मचारी बिनियमावली अनुसारको सुविधा, बोनस ऐन बमोजिमको बोनस सुविधा र सवारी साधन सुविधा प्रदान गरिएको छ ।

३. बैंकका स्थायी कर्मचारीहरुलाई अवकाश सुबिधाबापत उपदान र संचित बिदाबापतको रकम प्रदान गरिएको छ ।

घ. सहायक कम्पनीसंगको सम्पूर्ण कारोवार

१. बैंकले व्यवस्थापन सेवा तथा अन्य आधारभूत सेवा उपलब्ध गराउनको लागि सहायक कम्पनीसंग प्राविधिक तथा व्यवस्थापकीय समझदारी गरेको छ । बैंक र सहायक कम्पनीबीचको सम्पूर्ण कारोवार प्रतिस्पर्धात्मक बजार मुल्यको आधारमा गर्ने गरिएको छ । बैंकले सहायक कम्पनीको शेयरमा रू. ६,७०,००,००० लगानी गरेको छ ।

२. सो समझदारी पत्र अनुरूप बैंकले निम्न सुविधाहरू सहायक कम्पनीलाई प्रदान गर्नेछ र सो वापत सहायक कम्पनीबाट मासिक रू. ३ लाख बैंकले प्राप्त गर्दछ ।

   क. बैंकले आफ्नो एक जना कर्मचारी सि.वि.आई.एल क्यापिटल लि.मा प्रमुख कार्यकारी अधिकृतको रूपमा खटाउने,

   ख. बैंकले कम्प्युटर सफ्टवेयर, हार्डवेयर, नेटवर्क, मर्मत सम्भार सम्बन्धि प्राविधिक सेवा प्रदान गर्ने,

   ग. बैंकको आन्तरिक लेखा परीक्षण विभागले सहायक कम्पनीको लेखापरीक्षण गर्नेछ र त्रैमासिक रूपमा लेखा परीक्षण समितिलाई प्रतिवेदन बुझाउने,

   घ. बैंकले सहायक कम्पनीलाई आवश्यक पर्ने कानुनी परामर्श र सवारीसाधन उपलब्ध गराउने ।

३. बैंकले डिल्लीबजार वडा नं ३३ स्थित आफ्नो भवन सहायक कम्पनीलाई मासिक रू.१,१०,००० भाडामा दिएको छ ।

आ.व. २०७२/७३ मा सहायक कम्पनीसंगको सम्पूर्ण कारोवार निम्न बमोजिम रहेको छ :

विवरण	कुल रकम रु.
घरबहाल आय	३३०,०००
व्यवस्थापन शुल्क	९००,०००
प्रमुख कार्यकारी अधिकृतको तलव भत्ता	५१३,०६१
सहायक कम्पनीको निक्षेप	५५५,६९७
सहायक कम्पनीलाई तिरेको व्याज	२२,५२९
सहायक कम्पनीलाई दिएको सापटी	१,४५५,१३९

४. बैंकले सहायक कम्पनीसँग गरेको कारोवारबाट सिर्जित सबै भुक्तानी रकममा नियमानुसार अग्रीम करकट्टी गरेको छ । कट्टा गरेको कर रकम ठूला करदाता कार्यालयमा तथा सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा समयमै दाखिला गरिएको छ ।

५. सि.वि.आई.एल क्यापिटल लि.को आर्थिक वर्ष २०७२/०७३ को अन्त्यमा यस बैंकको खातामा रू. ५.५५ लाख निक्षेप रहेको छ ।

२९.अग्रीम भुक्तानी

वासलातको अनुसुची १६ "अग्रीम भुक्तानी" अन्तर्गत प्रस्तुत गरिएको अग्रीम भुक्तानीको विवरण निम्न बमोजिम रहेको छ ।

रू हजारमा

विवरण	आ.व. २०७२/७३	आ.व. २०७१/७२
घरबहाल	११,६६९,९९४	७,५१२,६८६
बीमा	७,८३१,४४९	६,४६९,२९०
सञ्चार	८७,९७४	५४,७८०
सदस्यता तथा अन्य शूल्क	१,००४,८४६	५२२,८३६
बीमा/कर्मचारी	४,४३०,२२७	३,७१०,६३७
अन्य	१३,९४४,०५४	९२३,४३५
कुल अग्रीम भुक्तानी	३८,९६८,५४३	१९,१९३,६६४

३०. तुलनात्मक रकमहरु

गत आ. व. का रकमहरूलाई आवश्यकता अनुरूप पुर्नवर्गीकरण गरिएको छ ।

३१. वासेल २ अन्तर्गतको जानकारीहरु

३१.१ पूँजीको बनौट तथा पूँजीको पर्याप्तता

क. प्राथमिक पूँजी र यसको बनोट

विवरण	रकम रु हजारमा
चुक्ता शेयर पूँजी	३,६५०,६४०
साधारण जगेडा कोष	६९५,८७६
प्रस्तावीत बोनस शेयर	७५०,६७६
संचित मुनाफा	४२,०४१
शेयर प्रिमियम	२,९७२
पूँजी फिर्ता कोष	१००,०००
अन्य स्वतन्त्र कोष	२७,३६८

घटाउने	
स्थगन कर सम्पत्ति	(६६२७५)
वित्तीय स्वार्थ भएका संस्थाहरूमा गरिएका पूँजीगत लगानी	(८२०००)
जम्मा प्राथमिक पूँजी (Tier 1)	५,१२१,२९८

ख. पुरक पूँजी र यसको बनोट

विवरण	रकम रु हजारमा
सुरक्षण नराखिएको सहायक आवधिक ऋण	४००,०००
असल कर्जा नोक्सानी व्यवस्था	४६६,१००
बिनीमय समिकरण कोष	१८,१०८
लगानी समायोजन कोष	१,३४०
अन्य स्वतन्त्र कोष	-
सहायक पँजी(Tier 2)	८८५,५४८

ग. असुरक्षित आवधिक ऋण

विवरण	रकम रु हजारमा
८.५% सिटिजन्स बैंक बण्ड	५००,०००
भुक्तानी मिति	पौष २०७७
यस वर्षको थप	
सहायक पूँजीमा गणना गरिएको रकम	४००,०००

घ. पूँजीबाट घटाइएको

विवरण	रकम रु हजारमा
क. स्थगत कर सम्पत्ति	६६,२७५
ख. वित्तीय स्वार्थ भएका संस्थाहरूमा गरिएको पूँजीगत लगानी	८२,०००

ङ. कुल गणना हुने पूँजी

विवरण	रकम रु हजारमा
प्राथमिक पूँजी (Tier 1)	५,१२१,२९८
सहायक पूँजी (Tier 2)	८८५,५४८
जम्मा पूँजी कोष	६,००६,८४६

च. पूँजी पर्याप्तता अनुपात

विवरण	प्रतिशत
प्राथमिक पूँजी र जोखिम भारित सम्पत्तिको अनुपात	१०.५७%
पूँजी कोष र जोखिम भारित सम्पत्तिको अनुपात	१२.४०%

छ. पूँजी पर्याप्तताको लागि बैंकको योजना

